असोज - २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


वर्ष २३, अङ्क १२ | २०७१, असोज १६-३१ | पूर्णाङ्क ५३४





प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुरप्रसाद सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष | १ |
| पूर्ण | ६ |
| संयुक्त | १० |
| इजलास नं. १ | ३ |
| इजलास नं. २ | ९ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | ११ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ८ | १० |
| इजलास नं. ९ | ३ |
| इजलास नं. १० | २ |
| एकल इजलास | ३ |
| रीत/बेरीत आदेश | ४ |
| जम्मा | ६९ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७१, असोज – २, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | १ |
| १. | उत्प्रेषण परमादेश | रामराज शिवाकोटीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **पूर्ण इजलास** | | | १-३ |
| २. | उत्प्रेषण परमादेश | धनराज राई वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |
| ३. | बन्दी प्रत्यक्षीकरण | भीमकुमारी सिंह वि. जिल्ला प्रहरी कार्यालय, भक्तपुरसमेत | |
| ४. | नागरिकता सम्बन्धी | महावीर कामैत वि. गृह मन्त्रालयसमेत | |
| **संयुक्त इजलास** | | | ४-८ |
| ५. | बन्दी प्रत्यक्षीकरण | विक्की शाक्य वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत | |
| ६. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. सुमनरत्न शाक्य | |
| ७. | मोही लगत कट्टा | राम सुकुमारी देवी वि. मु.स. गर्ने निर्मलादेवी थरूनी | |
| ८. | निषेधाज्ञा परमादेश | राष्ट्रिय वाणिज्य बैङ्क, शाखा कार्यालय, तुलसीपुर वि. कल्लु चौधरीसमेत | |
| ९. | निषेधाज्ञा | केशवराम अहिर वि. कुन्तीकुमारी कुर्मी | |
| १०. | निषेधाज्ञा परमादेश | विनय शमशेर ज.ब.रा. वि. जनकल्याण स्वास्थ्य सेवा, बबरमहलसमेत | |
| ११. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. अनुप बराल | |
| १२. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. गोपालप्रसाद सिवाकोटीसमेत | |
| १३. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. खेमराज बराल | |
| १४. | उत्प्रेषण परमादेश | ईश्वरदेव गिरी वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत | |
| **इजलास नं. १** | | | ८-९ |
| १५. | लुटपीट | देवेन्द्रकुमार ठाकुर वि. रामनरेश ठाकुरसमेत | |
| १६. | उत्प्रेषण परमादेश | उमादेवी चौरसिया वि. बिन्ध्याचलप्रसाद बरैसमेत | |
| १७. | निषेधाज्ञा | गगनदेव महतो कोइरीसमेत वि. डिभिजन सडक कार्यालय, हेटौंडासमेत | |
| **इजलास नं. २** | | | ९-१५ |
| १८. | बन्दी प्रत्यक्षीकरण | राजकुमार गुप्ता वि. जिल्ला प्रहरी कार्यालय, इलामसमेत | |
| १९. | अवहेलना | विश्वभरनाथ लखेर वि. नेपालगन्ज नगरपालिकाको कार्यालय, बाँकेसमेत | |

| | | |
|---|---|---|
| २०. | सवारी ज्यान | नेपाल सरकार वि. राजु लामा |
| २१. | सवारी ज्यान, अङ्गभङ्ग | नेपाल सरकार वि. सुरेन्द्र घिमिरेसमेत |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भक्तबहादुर लिम्बुसमेत |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देउमान भन्ने देउबहादुर लिम्बुसमेत |
| २४. | बन्दी प्रत्यक्षीकरण | दलबहादुर याखा वि. जिल्ला प्रहरी कार्यालय, धनकुटासमेत |
| २५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मैया श्रेष्ठसमेत |
| २६. | जबर्जस्ती चोरी | नेपाल सरकार वि. महादेव परियारसमेत |
| **इजलास नं. ३** | | **१५-१७** |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रजापति सन्ज्यालसमेत |
| २८. | लेनदेन | पूर्णरत्न शाक्य वि. अशोक श्रेष्ठसमेत |
| २९. | निषेधाज्ञा | सुशीला पण्डितसमेत वि. अपार पण्डित |
| **इजलास नं. ४** | | **१७-१८** |
| ३०. | निषेधाज्ञा परमादेश | पवित्रा थापा वि. राजाराम यादवसमेत |
| ३१. | निषेधाज्ञा | बाबानानी बैद्यसमेत वि. सावित्री दाहाल |

| | | |
|---|---|---|
| **इजलास नं. ५** | | **१८-२१** |
| ३२. | परमादेश | रामछविला यादव वि. जिल्ला प्रहरी कार्यालय, महोत्तरीसमेत |
| ३३. | नाता कायम | ज्ञानमाया त्वायना वि. विलबहादुर दुवाल |
| ३४. | उत्प्रेषण | गोविन्दप्रसाद पौडेल वि. जिल्ला शिक्षा कार्यालय, बर्दियासमेत |
| ३५. | फैसला बदर | तिलबहादुर खड्का वि. मदनगोपाल श्रेष्ठसमेत |
| ३६. | कर्तव्य ज्यान | कृष्णबहादुर घिसिङ तामाङ वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | **२२** |
| ३७. | छुट जग्गा दर्ता | मालपोत कार्यालय, कास्की वि. चित्रबहादुर कामी |
| ३८. | क्षतिपूर्ति ठहर गरी भराईपाऊँ | मो. फैयाज अन्सारी वि. राष्ट्रिय वाणिज्य बैङ्क, राजविराज शाखासमेत |
| **इजलास नं. ८** | | **२२-२४** |
| ३९. | उत्प्रेषण | रामएकवाल साह तेलीसमेत वि. मालपोत कार्यालय, सर्लाहीसमेत |
| ४०. | परमादेश | मोहनबहादुर आलेमगर वि. मालपोत कार्यालय, सर्लाहीसमेत |
| ४१. | उत्प्रेषण परमादेश | डम्बरबहादुर थापा वि. मालपोत कार्यालय, धुलिखेल, काभ्रपलाञ्चोक |

| | | |
|---|---|---|
| **इजलास नं. ९** | | **२४-२५** |
| ४२. | उत्प्रेषण | राम आश्रे सहनीसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत |
| ४३. | हक कायम | ओमकार मल्ल अग्रवाल वि. गोपालबहादुर हाडासमेत |
| **इजलास नं. १०** | | **२५-२६** |
| ४४. | निषेधाज्ञा | रोमनाथ बरालसमेत वि. जमुनादेवी सिग्देल |
| **एकल इजलास** | | **२६-२७** |
| ४५. | उत्प्रेषण | भक्तबहादुर श्रेष्ठ वि. प्रभु विकास बैङ्क लिमिटेड, लैनचौरसमेत |
| ४६. | उत्प्रेषण परमादेश | रवि सिंह वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत |
| **रीत/बेरीत आदेश** | | **२७-२८** |
| ४७. | लागु औषध | नेपाल सरकार वि. सञ्जयकुमार महतोसमेत |
| ४८. | जबर्जस्ती करणी | नेपाल सरकार वि. नागेन्द्रप्रसाद भन्ने नागेन्द्रकुमार चौधरी |
| ४९. | कर्तव्य ज्यान | रीतादेवी मण्डल वि. नेपाल सरकार |
| ५०. | उत्प्रेषण | कुमार प्रधानाङ्ग वि. दिपकराजा गोर्खाली श्रेष्ठसमेत |

**सर्वोच्च अदालतका नियमित प्रकाशनहरू**

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

| | |
|---|---|
| भाग १ : | संवैधानिक कानून |
| भाग २ : | सार्वजनिक सरोकार |
| भाग ३ : | मानव अधिकार तथा लैङ्गिक न्याय |
| भाग ४ : | देवानी कानूनः सम्पत्ति |
| भाग ५ : | देवानी कानूनः पारिवारिक |
| भाग ६ : | फौजदारी कानूनः सरकारवादी |
| भाग ७ : | फौजदारी कानूनः दुनियावादी |
| भाग ८ : | कार्यविधि कानूनः देवानी |
| भाग ९ : | कार्यविधि कानूनः फौजदारी |
| भाग १० : | उद्योग, वाणिज्य र कर |
| भाग ११ : | राष्ट्रसेवक कर्मचारी |

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)
    - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
    - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
    - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
    - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
    - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)
- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WS-००५९, उत्प्रेषण/परमादेश, *अधिवक्ता रामराज शिवाकोटीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २(ठ) को सीमित परिभाषालाई लैङ्गिक समानताको दृष्टिले र मानव अङ्ग प्रत्यारोपण गर्न अङ्ग दान दिन इच्छुक नातेदारलाई अनावश्यकरूपमा वञ्चित नगरी तिनको योगदान पनि वैधानिक ढङ्गले स्वीकार गर्न सक्ने गराउन उक्त व्यवस्थालाई वाञ्छित हदसम्म विस्तार गर्न गराउन जरुरी देखिन्छ । मानव शरीरको अङ्गको गैरकानूनी बेचबिखन वा शोषणजन्य कार्यद्वारा प्रत्यारोपण गर्न गराउन नदिने प्रयोजनको लागि आवश्यक रेखदेख र अनुगमनको व्यवस्था गरी अङ्गदान चाहिएमा व्यक्तिले अङ्गदान लिनसक्ने र इच्छुक व्यक्तिले दिनसक्ने गरी आवश्यक लचकतासहितको व्यवस्था कानूनमा मिलाई त्यसको उचित र प्रभावकारी कार्यान्वयन गर्न सकिएमा यस्तो जरुरी सेवा आवश्यक रहेका व्यक्तिहरूले देशभित्र यस्तो सेवा प्राप्त गर्ने सम्भावना रहने ।

अङ्गदान लिनपर्ने अवस्था निर्विकल्परूपमा उपस्थित हुने तर अङ्गदान दिने प्रक्रियालाई निरूत्साहित गर्ने खालको र जटिल बनाइन्छ भने प्रकारान्तरमा मानव अङ्ग प्रत्यारोपणको चिकित्सा पद्धतिलाई नै निस्क्रिय वा बाहेक गरेको जस्तो परिणाम निस्कन जान्छ । यसैले मानव अङ्ग दान लिने दिने गरी अङ्ग प्रत्यारोपण गर्ने कुरालाई चिकित्साशास्त्रको मान्य मापदण्ड, त्यस कार्यको दुरूपयोग हुन नदिने प्रक्रिया, संयन्त्र एवम् जवाफदेहितासहितको यथेष्ट कानूनी एवम् व्यवस्थापकीय प्रावधानहरूसहित विद्यमान कानूनको पुनरावलोकन गरी मानव अङ्ग दिने लिने व्यक्तिहरूको सीमा विस्तार गर्नुपर्ने देखिन्छ । त्यसबाट नै जनताको जीवन स्वास्थ्य, समानतासम्बन्धी हकलगायतको सही कार्यान्वयनमा योगदान पुग्ने ।

उक्त दफा २(ठ) को परिभाषामा समावेश गरिएका नाताका व्यक्तिको अतिरिक्त अङ्गदान प्राप्त गर्न चाहने व्यक्तिको आमापट्टिका सानीआमा, ठूलीआमा, मामा, माइजु तिनका छोराछोरी, बाजे, बज्यै, सौतेनी आमालगायतका व्यक्तिहरूबाट पनि अङ्गदान प्राप्त गर्न सकिने गरी उक्त दफा २(ठ) मा पुनरावलोकन गरी विशुद्धरूपले पुनः परिभाषा गर्ने प्रयोजनको लागि कानून संशोधनलगायतका जो चाहिने व्यवस्था गर्नु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७१ साल जेठ १ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WF-००१४, उत्प्रेषण/परमादेश, *धनराज राई वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

रिट निवेदक नरेन्द्र चौहान विरूद्ध स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत भएको ०६६-WO-०१७९ उत्प्रेषण/परमादेश निवेदनमा मिति २०५४।२।१४ मा पाँचौं तहमा समूहकृत भएका निवेदकहरूलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ र २६क को व्यवस्थाबमोजिम २०६१।२।२६ गतेबाट र निवेदक भरत शाह सुडी विरूद्ध स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत भएको ०६६-WO-०१८० उत्प्रेषण/परमादेश निवेदनमा मिति २०५९।१।२४ गतेबाट अधिकृत छैठौं तहमा तह मिलान गर्नपर्नेमा सो नगरी २०६४।२।१४ गतेदेखि लागू हुने गरी अधिकृत छैठौं तहमा स्तरवृद्धि गर्ने गरेको स्वास्थ्य सेवा विभागको मिति २०६४।४।२३ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निजामती सेवा प्रवेश गरेको अवधिसमेत गणना गरी स्तरवृद्धि गरी पदनामसमेत दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।१२।९ मा भएको निर्णयाधार कायम रहन नसक्ने हुँदा सो हदसम्मको उक्त निर्णयाधार निस्क्रिय हुने ।

निवेदक धनराज राई वरिष्ठ पाँचौं तहमा मिति २०५४।२।१४ मा तह मिलान भएको मितिबाट गणना गरी निवेदकलाई छैठौं तहमा स्तरवृद्धि गर्ने गरी स्वास्थ्य सेवा विभागबाट मिति २०६४।४।२३ मा भएको निर्णय कानूनविपरीत नदेखिएकोले रिट निवेदन खारेज हुने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।५।२७ मा भएको रूलिङ मनासिब देखिँदा सदर हुने ।

निवेदकको स्तरवृद्धिको प्रयोजनको लागि निवेदक निजामती सेवाको राजपत्र अनङ्कित प्रथम श्रेणीमा मिति २०४७।३।६ मा बढुवा नियुक्त भएको मितिबाट गणना हुने नभई निज वरिष्ठ पाँचौं तहमा मिति २०५४।२।१४ मा तह मिलान भएको मितिबाट गणना गरी निवेदक धनराज राईलाई अधिकृत छैठौं तहमा स्तरवृद्धि गर्ने गरी स्वास्थ्य सेवा विभागबाट मिति २०६४।४।२३ मा भएको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल चैत ५ गते रोज ५ शुभम् ।

यसै प्रकृतिका मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९-WF-००१२, उत्प्रेषण/परमादेश, *लालकुमारी आले (राना) समेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*
- ०६९-WF-००१३, उत्प्रेषण/परमादेश, *भरतमणि दाहाल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रा.डा. श्री भरतबहादुर कार्की,** ०७०-WF-०००१, बन्दीप्रत्यक्षीकरण, *भीमकुमारी सिंह वि. जिल्ला प्रहरी कार्यालय, भक्तपुरसमेत*

निवेदक बालकृष्ण सिंहसमेतउपर भक्तपुर जिल्ला अदालतमा दायर भएको सरकारी छाप दस्तखत कीर्ते मुद्दाको सक्कल मिसिल

हेर्दा निवेदक बालकृष्ण सिंहलाई प्रहरीले मिति २०६९।५।१५ मा पक्राउ गरी अनुसन्धान पूरा भई कीर्ते कागजको महलको १ नं. को कसुरमा ऐ. ७ र १२ नं. बमोजिम सजायको मागदावी लिई मुद्दा दायर भएको देखिन्छ । निज निवेदक बालकृष्ण सिंहका हकमा मिति २०६९।६।१५ मा भएको थुनछेकको आदेशानुसार माग भएको नगद धरौटी वा सो बराबरको जेथा जमानत दिन नसकी पुर्पक्षको लागि थुनामा रहे पनि उक्त थुनछेक आदेश भएपश्चात् निज निवेदक बालकृष्ण सिंहका हकमा प्रमाण बुझ्ने सम्बन्धमा आदेशहरू भए गरेको उक्त सरकारी छाप दस्तखत कीर्ते मुद्दाको मिसिलबाट देखिएको छैन । सरकारी छाप दस्तखत कीर्ते मुद्दाका प्रतिवादी निज निवेदक बालकृष्ण सिंहका हकमा प्रमाण बुझ्ने सम्बन्धी कुनै आदेश एवम् तारेख तोक्ने कार्य नै नभएको अवस्थामा उक्त मुद्दामा प्रमाण बुझ्न पहिलो पटक तोकिएको तारिखको मिति स्थापित भएको अवस्था पनि भएन । मुलुकी ऐन, अ.बं. १२३ नं. मा व्यवस्था भएअनुरूप निवेदक थुनामा बसेको एक वर्षको अवधिको गणना प्रमाण बुझ्न पहिलो पटक तोकिएको तारिखको मितिबाट हुनेमा निज निवेदकको हकमा प्रमाण बुझ्न पहिलो पटक तोकिएको तारिखको मिति नै स्थापित भई नसकेको अवस्था हुँदा निवेदकले अ.बं. १२३ नं. बमोजिमको सुविधा हासिल गर्न नसक्ने देखियो । यसरी निवेदकले अ.बं. १२३ नं. बमोजिमको सुविधा हासिल गर्नसक्ने अवस्था नहुँदा बन्दीप्रत्यक्षीकरणको आदेशबाट निवेदकलाई थुनामुक्त गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन जारी हुने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः शिवप्रसाद खनाल

इति संवत् २०७० साल फागुन २२ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०७०-WF-०००२, बन्दीप्रत्यक्षीकरण, *दीपक क्यालको हकमा श्रीकृष्ण श्रेष्ठ वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CF-००२५, नागरिकतासम्बन्धी, *महावीर कामैत वि. गृह मन्त्रालयसमेत*

संयुक्त इजलासमा एकजना न्यायाधीशले ठहर निर्णय गर्नुभएको र अर्को न्यायाधीशले प्रमाण बुझ्नुपर्ने आवश्यकता र कारणसमेत देखाई विभिन्न प्रमाणहरू बुझी पेश गर्नु भनी आदेश गरेको अवस्थामा प्रस्तुत मुद्दा संयुक्त इजलासका न्यायाधीशहरूको राय नमिलेको मात्र नमिल्ने र प्रमाण बुझ्न गरेको आदेशबमोजिम नै गर्नुपर्ने हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ बमोजिम पूर्ण इजलासले हेरी निर्णय गर्नुपर्ने देखिएन । तसर्थ, प्रस्तुत मुद्दामा संयुक्त इजलासका माननीय न्यायाधीश श्री अवधेशकुमार यादवबाट भएको आदेशबमोजिमका प्रमाणहरू बुझी संयुक्त इजलासबाट नै निर्णय गर्नुपर्ने देखिँदा निर्णयका लागि संयुक्त इजलासमा पठाइदिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०७० साल भदौ १२ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०७१-WH-०००९, बन्दीप्रत्यक्षीकरण, *विक्की शाक्य वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौंसमेत*

निवेदक सुरेन्द्र शाक्यलाई कालोबजार तथा केही अन्य सामाजिक अपराध ऐन, २०३२ को कसुरमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी अधिकारप्राप्त निकायको आदेशअनुसार म्याद थप गरी निवेदक सुरेन्द्र शाक्यलाई अनुसन्धान तहकीकातको सिलसिलामा पुर्पक्षको निमित्त थुनामा राखेको देखिएको अवस्थामा निवेदकलाई गैरकानूनीरूपमा थुनामा राखिएको भन्न मिल्ने अवस्था नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल भदौ १६ गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CR-०८८२, १०७७, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. सुमनरत्न शाक्यसमेत, सुमनरत्न शाक्य वि. नेपाल सरकार*

सार्वजनिक सडकमा बिहानको समयमा बाटोमा गाडीहरू गुडिरहने र मानिसहरू आवतजावत भैरहने भएको हुँदा नियोजितरूपमा छिटो कार्य सम्पन्न गर्न प्रतिवादीहरूले समूहमा आई ट्याक्सी बाहिरबाटै अन्धाधुन्द प्रहार गरेको र पीडित त्यहाँबाट भाग्न खोज्दा टाउको, छातीलगायतका संवेदनशील अङ्गमा पटकपटक प्रहार गरेको अवस्था देखिन्छ । चश्मदीद भनिएका व्यक्ति ज्ञानप्रसाद गौतमलगायतका व्यक्तिहरू वारदात स्थलमा देखापर्नु र पीडित ज्यान बचाउन भाग्ने क्रममा निजको घरको गेटभित्र पस्न सफल हुनुजस्ता कार्यबाट तत्काल पीडितको ज्यान मर्नबाट जोगिएको देखिँदा प्रस्तुत वारदातमा बाधक तत्त्व अर्थात् तेस्रो तत्त्वको उपस्थितिको विद्यमानता नै छैन भनी पूरै इन्कार गर्न सकिने स्थिति नदेखिँदा प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगतर्फ ५ वर्ष कैद सजाय गर्ने र डाँकाको अभियोगबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।६।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल जेठ ५ गते रोज २ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-०४४२, मोही लगत कट्टा, *राम सुकुमारी देवी वि. मु.स. गर्ने निर्मलादेवी थरूनी*

सर्लाही जिल्ला, गाविस बल्बा सोकमाहा वार्ड नं.७(च) कि.नं.१६० को ०-१०-० जग्गामा प्रत्यर्थीका ससुरा खहेरू धामी थारू उक्त जग्गाको मोही रहेको कुरा फिल्डबुक तथा जग्गाधनी प्रमाण पुर्जाबाट देखिएको र कुतबालीसमेत बुझाएको देखिएको अवस्थामा सुरू भूमिसुधार कार्यालय, सर्लाहीबाट भएको निर्णय उल्टी गरी मोही लगत यथावत् कायम हुने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।३।१२ को

फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः ईश्वर पराजुली
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल चैत २१ गते रोज ६ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६६-CI-०९८९, ०६७-CI-०३६०, निषेधाज्ञा/परमादेश, *राष्ट्रिय वाणिज्य बैङ्क शाखा कार्यालय, तुलसीपुर वि. कल्लु चौधरीसमेत, मालपोत कार्यालय, दाङ, घोराही वि. कल्लु चौधरीसमेत*

अदालतको अन्तिम फैसलाबाट निवेदकहरूको अंश हक संस्थापित भई अदालतबाट चलनपुर्जी प्राप्त गरेको त्यस्तो अंशहकको जग्गा प्रत्यर्थी साइतरामले बैङ्कमा धितो राखी ऋण लिँदा अनिवार्यरूपमा निवेदकहरूको सहमति वा मञ्जुरी लिनुपर्नेमा निवेदकहरूको मञ्जुरी नलिई विपक्षी साइतराम र बैङ्कबीच ऋण लिनुदिनु गरी विपक्षी बैङ्कको मिति २०५७।३।२५ को पत्रका आधारमा विपक्षीमध्येका मालपोत कार्यालय, घोराही दाङले निवेदकहरूको अंश हकको उक्त जग्गा रोक्का राखेको उक्त कार्य कानूनअनुकूल देखिन नआएबाट निवेदकहरूको हक स्वामित्वको हदसम्मको जग्गा विपक्षीमध्येका साइतराम चौधरीले मिति २०५७।३।२५ मा लिएको ऋणबापत लिलाम नगर्नु नगराउनु भनी विपक्षीहरूमध्येको राष्ट्रिय वाणिज्य बैङ्क, शाखा कार्यालय, तुलसीपुर दाङको नाउँमा निषेधाज्ञाको आदेश र निवेदकहरूको अंश भागमा परी निजहरूको हक स्वामित्व भएको जग्गाको हदसम्म जग्गाको रोक्का फुकुवा गरी अदालतको चलनी पुर्जीअनुसार दर्ता दा.खा. समेत गरी दिनु भनी विपक्षीमध्येको मालपोत कार्यालय, घोराही दाङका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर गरी भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६६।५।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः ईश्वर पराजुली
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल चैत १७ गते रोज २ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CI-१०१४, निषेधाज्ञा, *केशवराम अहिर वि. कुन्तीकुमारी कुर्मी*

मोही हक बेदखल भएको भए भूमिसुधार कार्यालयमा उजुरी दिनुपर्नेमा रिट क्षेत्रमा दायर भएको उजुरीबाट कारवाही गर्न नमिल्ने भन्ने पुनरावेदन जिकीर सम्बन्धमा हेर्दा विवादित जग्गामा जग्गाधनीले घर बनाउने आशङ्का रहेकोले प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । मोही हक यथावत्रहने गरी मुद्दा अन्तिम भइसकेको र निवेदिका स्वयम् मोही स्रेस्तामा यथावत्कायम गरी मोही हक नामसारी गरिपाउँ भनी भूमिसुधार कार्यालयमा गएको र मुद्दा विचाराधीन रहेको अवस्थामा आफ्नोसमेत हक लाग्ने जग्गामा घर निर्माण गर्ने आशङ्का रहेकोले निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी निवेदन लिई निवेदिका अदालतमा प्रवेश गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने हुँदा निवेदिकाले निवेदनमा उल्लिखित गरेका कि.नं. ८१० को जग्गामा निवेदिकाको मोही हक रहेको अवस्था देखिएको र उक्त जग्गामा निवेदिकाको निवेदन मागबमोजिम विपक्षीले घर बनाउन सक्ने प्रबल आशङ्काको स्थिति विद्यमान

देखिँदा निवेदनमा उल्लिखित कि.नं. ८१० को जग्गामा जग नखन्नु, दिवाल नउठाउनु, घर नबनाउनु भनी विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।८।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल चैत १७ गते रोज २ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CI-१११४, निषेधाज्ञा/परमादेश, *विनय शमशेर ज.ब.रा. वि. जनकल्याण स्वास्थ्य सेवा बबरमहल, काठमाडौंसमेत*

मिति २०४८।१२।१७ को निर्णयअनुसार सरकारको नाममा दर्ता स्रेस्ता रहेको सडकको जग्गामध्ये चार किल्ला तोकी विपक्षीमध्येका थापाथली जनकल्याण परिवारलाई भोगचलन गर्न दिएको अवस्था हुँदा उक्त जग्गामा सरकारले निर्धारण गरेको शर्तको अधीनमा रही भोगचलन गर्न कानूनतः कुनै बाधा नपुगेको स्थितिमा निवेदकले दावी गरेबाहेक अलग जग्गा पाएको भन्ने हुँदा निषेधाज्ञा जारी गर्न नपर्ने हुँदा निषेधाज्ञाको सम्बन्धमा प्रत्यर्थी थापाथली जनकल्याण परिवारले निवेदकले दावी गरेबाहेक अलग जग्गा पाएको भन्ने हुँदा निषेधाज्ञा जारी गर्न परेन भनी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६६।८।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

इति संवत् २०७० साल चैत १७ गते रोज २ शुभम् ।

७

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** वैदेशिक रोजगार ठगी, ०६९-CR-०२९४, *नेपाल सरकार वि. अनुप बराल*

दावी प्रमाणित गर्ने भार वादीमा रहनेमा प्रस्तुत मुद्दामा जाहेरवालालाई बकपत्रको लागि वैदेशिक रोजगार न्यायाधिकरणमा बोलाउँदा निज बकपत्रका लागि उपस्थित नहुनु साथै जुन लिखतको आधारमा प्रतिवादीले वैदेशिक रोजगारमा पठाउनका लागि जाहेरवालासित रकम लिई प्रतिवादीले लिखत गरी दिएको भनिएको मिति २०६७।१।६ को सक्कल लिखत नै वादी पक्षले पेश गर्न नसकेको अवस्थामा प्रतिवादीले वैदेशिक रोजगार ठगीको कसुर गरेको भनी वादीद्वारा लिएको पुनरावेदन जिकीर मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा अभियोग दावीबाट प्रतिवादीलाई सफाइ दिई मिति २०६८।५।२६ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्र पोखरेल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

८

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६९-CR-०३१६, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. गोपालप्रसाद सिवाकोटीसमेत*

वैदेशिक रोजगार ठगीमा सजाय गर्ने सम्बन्धमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार "कसैले दफा १० विपरीत

इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुठो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारमा लगाई दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा जरीवाना, कैद, हर्जानासमेत हुने" उल्लेख छ । सोअनुसार कसुर देखिन वैदेशिक रोजगारको लागि नै प्रतिवादीले जाहेरवालासँग रकम लिएको भन्ने लिखत प्रमाणबाट पुष्टि हुन आउँदैन । प्रतिवादीहरूले सम्बन्धित निकायबाट वैदेशिक रोजगारको इजाजत नलिई सो व्यवसाय सञ्चालन गरेको भन्ने कुरा तथ्य र प्रमाणबाट नदेखिएको हुँदा अभियोग दावीबाट प्रतिवादीहरूलाई सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।७।२७ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

९

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** फौ.पु.नं. ०६९-CR-११२०, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. खेमराज बराल*

जाहेरवाला पवित्रा सुवेदीसमेत कोही पनि घटनाका प्रत्यक्षदर्शी रहेका छैनन् । घाउ जाँच केश फारामबाट पीडितको दायाँ, बायाँअनुहार, बायाँ काँध इत्यादिमा लागेको चोटपटक मर्नेसम्मको नभएको (Non Fatal) भन्ने देखिन आउँछ । पीडितउपर आक्रमण भएको अवस्थामा देख्ने र पीडितलाई आक्रमणकारीबाट जोगाउने व्यक्ति रहे भएको देखिँदैन । तीर्थ घिमिरेको उपस्थितिले पीडितको ज्यान मार्नबाट बचेको भनी जाहेरी दरखास्त परे पनि निज तीर्थ घिमिरेको मौकाको कागज तथा अदालतसमक्ष भएको बकपत्रमा निजले सो कुरा व्यक्त गरेको पाइँदैन । पीडित र प्रतिवादीका बीच पूर्व घरायशी रिसइबि रहेको भन्नेसम्म जाहेरवाला र पीडितलगायतको बकपत्रबाट देखिन्छ । घटनाको प्रत्यक्षदर्शीको अभावमा केवल शङ्काको भरमा प्रतिवादीलाई आरोपित गरी सजाय गर्नु न्यायसङ्गत् हुने भएन । जाहेरी दरखास्त व्यहोरालाई पुष्टि हुने प्रमाण वादी नेपाल सरकारले पेश गर्न सकेको नदेखिँदा सुरू फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिने ठहर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६८।९।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

१०

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६७-WO-००३२, उत्प्रेषण/परमादेश, *ईश्वरदेव गिरी वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंसमेत*

रोल नं. ५४४००१९ का यी निवेदक ईश्वरदेव गिरीले त्रिभुवन विश्वविद्यालयद्वारा मिति २०६६।८।२ मा लिइएको व्यवस्थापन संकायअन्तर्गत बि.बि.एस. दोस्रो वर्षको बजारशास्त्रको परीक्षामा सहभागी भई उत्तरपुस्तिका निरीक्षकलाई नबुझाई आफैंले लिई भागेको भनी मौकामा नै निरीक्षक एवम् केन्द्राध्यक्षबाट परीक्षा नियन्त्रण कार्यालयमा आवश्यक कारवाहीको लागि लेखी आएको अवस्थामा त्रिभुवन विश्वविद्यालय,

केन्द्रीय कार्यालयमा आवश्यक कारवाहीको लागि लेखी आएको अवस्थामा त्रिभुवन विश्वविद्यालय केन्द्रीय परीक्षा सञ्चालक समितिको मिति २०६७।३।३१ को निर्णयअनुसार रोल नं. ४५५००१९ को परीक्षालाई २०६७ सालसम्म २ वर्षको लागि त्रिभुवन विश्विविद्यालयबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निष्काशन गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल असार ३२ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री सुशीला कार्की,** ०६७-CR-०८६८, लुटपीट, *देवेन्द्रकुमार ठाकुर वि. रामनरेश ठाकुरसमेत*

वादीले फिराद गर्दा लुटपीटतर्फ मात्र दावी गरेकोमा प्रतिउत्तरबाट हक बेहक गर्नुपर्ने देखिएको र तदनुरूप अदालतको आदेश भई अ.बं. ८० नं. बमोजिम बयान गरी हक बेहकतर्फ पनि दावी सिर्जना भएको अवस्थामा सो पोखरीको हक बेहक सम्बन्धमा निर्णय नगरी माछा लुटपीटतर्फ मात्र फैसला गरेको महोत्तरी जिल्ला अदालतको फैसला र सोलाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।२।६ को फैसला अ.बं. १९२ मिलेको नदेखिँदा बदर गरी दिएको छ । अब वादी दावीको सम्पूर्ण विषयमा अर्थात् पोखरीको हक स्वामित्व र त्यसमा दुबै पक्षको हक हिस्सामा तथा सो पोखरीको माछा लुटपीट गरे नगरेको समेतको वादी दावीको सबै विषयमा प्रमाणबाट ठहरेबमोजिम निर्णय गर्नु भनी हाजीरमा रहेका पक्षहरूलाई तारिख तोकी मिसिल सुरू महोत्तरी जिल्ला अदालतमा पठाई दिनू ।

इजलास अधिकृतः ममता खनाल

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल वैशाख १४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६७-WO-०७५९, उत्प्रेषण/परमादेश, *उमादेवी चौरसिया वि. बिन्ध्याचलप्रसाद बरैसमेत*

पर्सा जिल्ला अदालतमा विचाराधीन लेनदेन मुद्दाको फैसला कार्यान्वयन गरी बिगो भरिपाउँ भन्ने दर्खास्तको कारवाहीको सिलसिलामा रोक्का राखेको जग्गा फुकुवा गर्न नमिल्ने भनी पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।३।२४ मा आदेश गरिसकेपछि अर्को निवेदनको रोहमा आफ्नै उक्त आदेश प्रतिकूल हुने गरी तथा अदालतको फैसला कार्यान्वयन प्रभावित हुने गरी रोक्का रहेको जग्गा फुकुवा गर्ने गरी गरेको सो मिति २०६७।१०।२० को पुनरावेदन अदालत, हेटौंडाको आदेश त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, फैसला कार्यान्वयनको सिलसिलामा रोक्का रहेको जग्गा पूर्ववत् रोक्का राखी लेनदेन मुद्दाको फैसलाबमोजिमको बिगो भरिभराउको कार्य कानूनबमोजिम सम्पन्न गर्नु भनी पर्सा जिल्ला अदालतको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल जेठ ८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-०९५४, निषेधाज्ञा, *गगनदेव महतो कोइरीसमेत वि. डिभिजन सडक कार्यालय, हेटौंडासमेत*

निवेदकहरूले आफ्नो हकभोग र स्वामित्वमा रहेको जग्गामा बिनाक्षतिपूर्ति सडक निर्माण र चौडा गर्न लागेको हुनाले निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी निवेदन माग दावी दिएकोमा जुन कार्य नगर्नु भनी निषेधाज्ञाको माग गरिएको छ पुनरावेदन अदालत, हेटौंडाबाट प्रारम्भमा नै अन्तरिम आदेश जारी भई सो कार्य रोकिएको नदेखिएको र प्रस्तुत निवेदन पर्नुपूर्व नै २०६७ सालमै सडक चौडा पार्ने कार्य सम्पन्न भइसकेको कुरा लिखित जवाफबाट देखिएको र निवेदकको पुनरावेदनमा बाटो फराकिलो भइसकेको छैन भनी जिकीरसम्म पनि लिन नसकेको भनी मान्नुपर्ने हुन्छ । उक्त कार्य सम्पन्न भइसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने हुँदा निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।३।२२ को आदेश मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

इति संवत् २०७० साल पुस ८ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WH-००४६, बन्दीप्रत्यक्षीकरण, *राजकुमार गुप्ता वि. जिल्ला प्रहरी कार्यालय, इलामसमेत*

सवारी ज्यान मुद्दामा भएको फैसलाबमोजिमको लगतको कार्यन्वयनको विषयलाई चुनौती दिँदै यी निवेदकले पुनरावेदन अदालत, इलामसमक्ष २०७०।१०।१० मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न माग गर्दै निवेदन दायर गरेको देखिएकोमा सो निवेदन खारेज भइसकेको समेत देखिन्छ । त्यसरी पुनरावेदन अदालत, इलामबाट भएको आदेशउपर पुनरावेदन लाग्नसक्ने स्पष्ट व्यवस्था रहँदारहँदै सो नगरी पुनः ताजारूपमा यस अदालतसमक्ष बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गरेको देखियो ।

यसरी पटकपटक एउटै विषयमा उही अवस्थाको निवेदन ग्रहण गरी कारवाही गर्ने अवस्था नरहेबाट र थुना गैरकानूनी नहुँदा निवेदनको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनामुक्त गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख १० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-CR-०६००, अवहेलना, *विश्वभरनाथ लखेर वि. नेपालगन्ज नगरपालिकाको कार्यालय, बाँकेसमेत*

अदालतबाट भएको आदेश वा फैसलालाई जानाजान अटेर गरी आदेशबमोजिमको कार्य गर्न इन्कार गरेको वा मनासिबबेगर आदेशको कार्यान्वयन गर्न ढिलाई गरेको भए मात्र विपक्षी निकायलाई अवहेलनामा सजाय गर्नु मनासिब हुन्छ । तर प्रस्तुत मुद्दामा त्यस्तो अवस्था

विद्यमान नदेखिँदा मागबमोजिम विपक्षी निकायलाई अदालतको अवहेलना भएको ठानी हलुकारूपमा लिई सजाय गर्न कानून, न्याय तथा विवेकसङ्गत् नदेखिँदा वस्तुनिष्ठ अवस्थाको विद्यमानतासमेत नभएकोले अवहेलनाको दावी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६९।३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल वैशाख ८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** सवारी ज्यान, ०६८-CR-०४५४, *नेपाल सरकार वि. राजु लामा*

पैदल यात्रुका रूपमा रहेका यात्रीहरूको सुविधासमेतलाई ध्यानमा राख्दै तीव्र भिडभाड हुने क्षेत्रमा अत्यन्त सीमित गति वा कानूनले निर्धारण गरेको गतिमा रही सवारी चलाउनुपर्नेमा सो नगरी यी प्रतिवादी राजु लामाले एकतर्फी (One Way) को बाटोमा नै आफ्नो बस तीव्र गतिमा चलाई सही साइडमा रहेका यात्रुलाई ठक्कर दिएको देखिँदा निजले उक्त सवारी साधन चलाउँदा सजगतासाथ सवारी चलाएको भनी मान्न मिल्ने भएन । तसर्थ निजले एकतर्फी बाटो (One Way) को चिह्न नभएको र आफूले लापरवाहीपूर्वक बस नचलाएको भन्ने जिकीर लिँदैमा निजलाई यस्तो कसुरको दायित्वबाट उन्मुक्ति दिन नमिल्ने ।

प्रतिवादी राजु लामाले गलत दिशाबाट तीव्र गतिमा सवारी साधन चलाई तीव्र गतिमा रहेको बसको ठक्करबाट आफ्नो साइडमा रहेका लान्सर कुँवरलाई ठक्कर दिई निजको उपचारको क्रममा मृत्यु भएको पुष्टि भएको र निजको यस्तो कसुर सवारी तथा यातायात व्यवस्था ऐन, २०४८ को दफा १६१(२) बमोजिमको हुँदा सुरू दाङ देउखुरी जिल्ला अदालतबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को १६१(३) बमोजिम सजाय गरी पुनरावेदन अदालत, तुल्सीपुरबाट सदर गर्ने गरेको मिति २०६८।१।२७ को फैसला मिलेको नदेखिँदा केही उल्टी भै निज प्रतिवादी राजु लामालाई ऐ. ऐनको दफा १६१(२) बमोजिम कैद वर्ष २(दुई) सजाय हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल वैशाख ८ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CR-०८९५, ०६९-CR-०५९५, सवारी ज्यान, अङ्गभङ्ग, *नेपाल सरकार वि. सुरेन्द्र घिमिरेसमेत, शान्तप्रसाद पोखरेल वि. नेपाल सरकार*

वारदातका सम्बन्धमा प्रतिवादी सुरेन्द्र घिमिरेले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा बालाजु ढुङ्गेधारा आइपुग्दा बायाँतर्फबाट गइरहेको बा ८ प ९३६४ नम्बरको मोटरसाइकललाई मैले चलाएको ट्रकले बाँयातर्फको सोले ठक्कर लागी बाँयातर्फको अगाडिको चक्कामा अड्किन पुगी केही अगाडिसम्म घसारिएर गएकोमा ट्रक रोकी हेर्दा मोटरसाइकलमा सवार २ जनामध्ये १ जना ट्रकमुनि बीच भागमा र अर्को १ जना ट्रकभन्दा करिब १ मिटरपछाडि लडेको र पछि कमल लामाको घटनास्थलमै मृत्यु भएकोसमेत सुनेको भनी बयान गरेको देखिन्छ । शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्यु आमासय समेतका शरीरका विभिन्न भागमा कडा चोट

लागेको कारण भएको भन्ने उल्लेख भइरहेको छ । मोटरसाइकल चलाई उक्त ट्रकको ठक्करले घाइते भएका महेन्द्र आलेको कागज व्यहोरा हेर्दा कमल तामाङलाई साथमा लिई मोटरसाइकल चढी निर्माण सामग्री लिन वनस्थलीतर्फ जाँदा पछाडिबाट आएको ना.३ ख १०८३ नं. को ट्रकले आफूले चलाएको मोटरसाइकललाई ठक्कर दिई आफूहरू मोटरसाइकलसहित जमिनमा ढलेको पछाडिको ट्रकको बायाँ चक्का मोटरसाइकलमाथि र आफूहरू मोटरसाइकलमुनि परी ट्रकले करिब ३० मीटरसम्म घिसारेर लगेको भन्नेसमेतको व्यहोरा उल्लेख गरी कागज गरेको देखियो । घटनालाई प्रत्यक्षतः अनुभूत गरी आफूसमेत घाइते भएका निज महेन्द्र आले र प्रतिवादी सुरेन्द्र घिमिरेको बयान परस्परमा मेल खाएको यस्तो अवस्थामा निज सुरेन्द्र घिमिरेले व्यस्त सडकमा सवारी हाँकी मोटरसाइकललाई ठक्कर दिई जमिनमा लडेका घाइतेहरूलाई करिब ३० मिटरसम्म घिसारेर लगेको अवस्थासमेतबाट घाइतेमध्येका कमल तामाङको मृत्युसमेत भएबाट यी प्रतिवादी सुरेन्द्र घिमिरेको उक्त कार्य कसुरजन्य ठहर्‍याई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुरमा निजलाई २ वर्ष कैद भएको अवस्था छ । तथापि वादी नेपाल सरकारले प्रस्तुत पुनरावेदन जिकीरमा १६२(१) को समेत पुनरावेदन जिकीर लिएको देखिन्छ । प्रस्तुत वारदातमा १६२(१) नम्बरको अवस्था विद्यमान देखिन नआएबाट निजका हकमा १६१(२) बमोजिम २ वर्ष कैद गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालत तथा पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

वारदातको प्रकृतिबाट सुरू काठमाडौं जिल्ला अदालतले निर्धारण गरेको किरिया खर्च, क्षतिपूर्ति तथा उपचार खर्चको रकम स्वाभाविक देखिन आएन । यस्तो अवस्थामा तेस्रो पक्षको बीमाबापतको रकममध्येबाट क्षतिपूर्तिबापतको रकम थप रू.२५,०००।- मृतकका हकवालाले र उपचार खर्च थप रू.२५,०००।- घाइते महेन्द्रकुमार आलेले सवारीधनीबाट नै दिलाई भराई पाउने ठहरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सवारीधनीबाट क्षतिपूर्ति तथा उपचार खर्चको रकम भराउन मिल्ने होइन भनी प्रतिवादी शान्तप्रसाद पोखरेलको पुनरावेदन जिकीर मनासिब नदेखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख ८ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-CR-००८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भक्तबहादुर लिम्बुसमेत*

अभियोगपत्र दायरपश्चात् पनि न्यायिक प्रक्रियामा सामेल नरही फरार रहेका यी प्रतिवादीहरू आरोपित कसुरमा संलग्न भएका होइनन् भनी भन्नसक्ने आधार प्रस्तुत मुद्दामा विद्यमान देखिन आएन । अनुसन्धान प्रक्रियादेखि समग्र न्यायिक कारवाहीसम्म फरार रहेका यी प्रतिवादीहरूको कुटपीटका कारण डम्बरबहादुर राईको मृत्यु भएको तथ्य अन्यथा प्रमाणित नहुँदा प्रतिवादीहरू भक्तबहादुर लिम्बु, बालकुमार मगर, चन्द्र लिम्बु, रेवत थापा क्षेत्रीले दुर्गाबहादुर राईलाई कुटपीट गरी मारी ज्यान मार्ने कसुर गरेकोले ज्यानसम्बन्धीको महलको १, १३(३)

नम्बरबमोजिम जन्मकैद हुने ठहर्‍याई सुरू झापा जिल्ला अदालतबाट भएको फैसला र सोही फैसलालाई सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट मिति २०७०।२।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर भै साधकसमेत सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख १२ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-CR-००८८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देउमान भन्ने देउबहादुर लिम्बुसमेत*

खुकुरी जस्तो धारिलो हतियार प्रयोग गरी लविन मिश्रसमेतलाई प्रहार गरेको मिसिल संलग्न तथ्यबाट समर्थित भैरहेको छ । वारदातस्थलमा भेटिएका मानिसका मासुका डल्लासमेतबाट हराएको शारदा मेन्याङवोको मृत्यु अन्य तवरबाट भएको हो कि भन्न सक्ने ठाउँ छैन । वारदातको समयमा वारदातस्थलमा रहेको निज मृतकलाई प्रतिवादी देउबहादुरले खुकुरी जस्तो धारिलो हतियार प्रयोग गरी काटिएको अवस्था तथा आगजनी भएको घरको यत्रतत्र मानवका मासुका डल्लासमेत फेला परेको यस्तो अवस्थामा निज प्रतिवादीको कसुरलाई हलुका ढङ्गले लिई सजायका हकमा अन्यथा परिवर्तन गर्नुपर्ने पनि अवस्था नहुँदा आफूउपर आरोपित कसुरका सम्बन्धमा आफ्नो प्रतिवाद नगरी फरार रहिरहेका प्रतिवादी देउबहादुर लिम्बुका हकमा सुरू ताप्लेजुङ जिल्ला अदालतबाट ज्यानसम्बन्धीको महलको १३(३) नम्बरबमोजिम सर्वस्वसहित जन्मकैदसमेत हुने ठहरी भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०७०।९।३० को फैसला मिलेकै देखिँदा सदर भै साधकसमेत सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख १२ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CR-०८०६, बन्दीप्रत्यक्षीकरण, *दलबहादुर याखा वि. जिल्ला प्रहरी कार्यालय, धनकुटासमेत*

फैसलाबमोजिम फरार रहेको प्रतिवादीलाई लागेको कैद असुल गर्ने प्रयोजनले प्रहरीले निवेदिकाको दाजु यी पुनरावेदकलाई पक्राउ गरी सम्बन्धित वडामा सर्जमीन मुचुल्का गराउँदा मुचुल्कामा रहेका सबैले जिल्ला धनकुटा, खुवाफोक गा.वि.स. वडा नं.१ बस्ने लालबहादुर याखाका छोरा बाँसघरे साइँला भन्ने कमलबहादुर याखा नाम गरेका निजबाहेक अन्य व्यक्ति नभएका र निज बाँसघरे साइँला भन्ने कमलकुमार याखाले दलबहादुर याखाको नामबाट नेपाली नागरिकता प्रमाणपत्र लिएका छन् भनी लेखाई दिएकोसमेतको अवस्था देखिन्छ । उक्त सर्जमीन मुचुल्कामा उल्लेख भएको एवम् उल्लिखित नागरिकताको अभिलेख र अंश रोक्काको मुचुल्कामा उल्लेख भएको व्यहोरासमेत मेल खाएको अवस्था देखिएको पाइन्छ । यी तथ्यगत प्रमाणबाट कमलकुमार याखा र दलबहादुर याखा भन्ने व्यक्ति एउटै रहेको देखिएको र मुद्दा चल्दाबाटै कमलकुमार याखा फरार रही निजलाई अदालतद्वारा भएको सजाय कार्यान्वयनको सिलसिलामा यी

पुनरावेदक दलबहादुर याखा पक्राउ परी निजलाई कानूनबमोजिम कैदी पूर्जी दिई कैदमा राख्न कारागारमा पठाएको अवस्थामा निवेदिकाको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी नगरी रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत, धनकुटाको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

फौजदारी कानून उल्लङ्घन गरेबापत कानूनबमोजिम मुद्दा चली सक्षम अदालतद्वारा प्रतिवादीलाई भएको सजाय कार्यान्वयनको सिलसिलामा पक्राउ परेका व्यक्ति स्वयम्ले अदालतसमक्ष "कमल" भन्ने नामले दस्तखत गरी कैदी पूर्जी बुझी आफूलाई लागेको कैद भुक्तान गरी आएको अवस्थामा दलबहादुर याखाको नामले नागरिकता प्राप्त गरेको भन्ने आधारमा मात्र त्यस्तो थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने भनी रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।९।२६।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CR-०५८७, ०६६-RC-००७०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मैया श्रेष्ठसमेत, नेपाल सरकार वि. छिरिङ लामा*

मृतक सृजन श्रेष्ठलाई मार्नमा बचन दिई कुटपीट लछारपछार समेत गर्ने कृष्णबहादुर श्रेष्ठलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैद गर्ने गरेको सुरू दोलखा जिल्ला अदालतको इन्साफलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला र प्रतिवादीहरू लालबहादुर तामाङ र भीमसेन तामाङले समेत मृतकको जीउमा हात हाली कुटपीट गरेको कुरा प्रत्यक्षदर्शी साक्षीहरूको बकपत्र, सहअभियुक्त छिरिङ तामाङको मौकाको बयानले समेत पुष्टि गरेको अवस्थामा निजहरूलाई सुरू दोलखा जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ६ महिना मात्रको कैद सजाय गर्ने गरेको इन्साफ उल्टी गरी निजहरूलाई समेत ऐ. ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसलासमेत निजहरूको हकमा मिलेको भई अन्यथा परिवर्तन गर्नपर्ने देखिन नआउने ।

चुच्चो ढुङ्गाले हान्दा ढलेका मृतकलाई लट्ठीलेसमेत प्रहार गर्न खोज्दा मृतक मरिसकेकोले लट्ठी प्रहार नगरिएको भन्ने प्रतिवादीमध्येका छिरङ तामाङले बयान गर्दा खुलाएको अवस्था देखिन्छ । यी तथ्यहरूको अध्ययनबाट मृतकमाथि पटकपटक प्रहार भएको अवस्था देखिएको छ । प्रतिवादीहरूलाई मृतकले घटना घटाउनको लागि उत्तेजित तुल्याएको भन्ने अवस्था पनि मिसिल संलग्न कुनै कागज प्रमाणबाट देखिँदैन । प्रतिवादीका बीचमा भएको झगडा छुट्याउन जाने निर्दोष अवस्थाको मृतकमाथि उल्टै ज्यानै लिने गरी पटकपटक लात, मुक्का, ढुङ्गासमेतले प्रहार गरी ज्यान मरेको स्थितिलाई गम्भीररूपमा लिनुपर्ने हुन्छ । प्रतिवादीहरूको मृतकलाई मार्नुपर्ने पूर्व रिसइबिजन्य कुनै कारण सुरूमा रहेको भन्ने नदेखिएको भए पनि बिनाकारण झगडा छुट्याउन जाने निर्दोष व्यक्तिमाथि झगडा सुरू भएपछि पटकपटक प्रहार गर्ने प्रतिवादीहरूसँग

मृतकलाई मार्ने मनसाय थिएन भनी सम्झन र यस्तो घटनालाई भवितव्यसँग दाँजी घटनाका दोषीहरूलाई घटी सजायको लागि राय प्रस्तुत गरेकोलाई मनासिब भन्न मिल्दैन । चुच्चो ढुङ्गाले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरी ज्यान मरेको स्थितिलाई गम्भीररूपमा लिन जरूरी छ । बिनाकारण झगडा छुट्ट्याउन जाने व्यक्तिमाथि पटकपटक प्रहार गरिएको स्थितिको विश्लेषण गर्दा प्रतिवादीहरूको मृतकलाई मार्ने नै उद्देश्य रहेको भनी मान्नुपर्ने ।

१८८ नं. को प्रयोग गरी घटी सजायको राय प्रस्तुत गर्नलाई घटित अपराध भवितव्य हो कि भन्ने शङ्काजन्य स्थिति देखिन र अपराध घटाउने आधारको रूपमा वारदात घट्दाको अवस्थालाई मूल्याङ्कन गर्दा ऐनबमोजिम तोकिएको सजाय गर्दा चर्को पर्न जान्छ भन्ने न्यायकर्ताको चित्तले देखेको हुनुपर्छ । यसरी राय लगाई घटी सजायको प्रस्ताव गर्ने विषय न्यायिक विवेकको विषय हुँदा यो आत्मगत नभई वस्तुगत आधारमा निर्क्योल हुन जरूरी हुन्छ । त्यस्तो न्यायिक विवेक प्रयोग गर्ने विषय न्यायकर्ताको न्यायिक स्वतन्त्रतासँग सम्बन्धित रहेको छ भन्दैमा जथाभावी र वस्तुगत नभई आत्मगत आधारमा त्यस्तो विवेक प्रयोग गर्दा न्यायिक अनुशासन र उत्तरदायित्वलाई न्यायकर्ताले जस्तोसुकै परिस्थितिमा पनि भुल्न मिल्दैन । अ.बं. १८८ नं. बमोजिम प्राप्त स्वविवेकीय अधिकारको स्वेच्छाचारी प्रयोगले पीडितले प्राप्त गर्ने न्यायलाई परास्त गर्न सक्छ । यो व्यवस्थाको विधिशास्त्रीय मान्यता र यसको प्रयोग गर्ने न्यायिक विवेकको अन्तरवस्तुलाई नबुझीकनै घटी सजायको प्रस्ताव गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न जरूरी हुने ।

प्रतिवादीहरूलाई अ.बं. १८८ नं. को राय लगाई निर्धारित भएको सजाय घटाउने तत्त्वहरूको अभाव देखिँदा कम सजाय निर्धारण गर्न मिल्दैन । सजाय घटाउने तत्त्वहरूको अभाव रहेको अवस्थाको यस्तो गम्भीर घटनाका प्रतिवादीहरूलाई कम सजायको प्रस्ताव गरेको पुनरावेदन अदालतको राय मनासिब एवम् न्यायोचित देखिँदैन । यसैले प्रतिवादी छिरिङ तामाङ लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको र प्रतिवादीहरू कृष्णबहादुर श्रेष्ठ, लालबहादुर तामाङ र भीमसेन तामाङलाई ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैदको पूरै सजाय हुने ।

गाउँघरमा चाडपर्वमा हुने मेलापर्वमा मानिसहरूको उपस्थितिको मात्र आधारले कसैलाई घटना घट्दा मौजुद रहेको भन्ने मात्र आधारले ज्यानजस्तो गम्भीर र सङ्गीन अपराधको कसुरदार ठहर गर्न न्यायोचितसमेत हुँदैन । रातको समयमा मेलामा लोग्नेसँग झैझगडा र हात हालाहाल हुने क्रममा लोग्नेको पक्षबाट आक्रोशित मुद्रामा भनेका कुनै कुरालाई मात्रै आधार मानी प्रतिवादी मैया श्रेष्ठको मृतकलाई मार्ने मनसाय थियो भन्ने कुराको पुष्टि हुन सक्तैन । निजको मृतकलाई मार्ने नै मनसाय रहेको थियो भने पनि त्यस्तो कुराको भरपर्दो र स्वतन्त्ररूपको प्रमाणबाट अभियोजन पक्षले सो कुराको पुष्टि गराउन सक्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा त्यस्तो अवस्था देखिँदैन । कसुर नै प्रमाणित नभएको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरेको सुरू दोलखा जिल्ला अदालतको इन्साफ

उल्टी गरी निज प्रतिवादी मैया श्रेष्ठलाई सफाइ दिएको र मैया श्रेष्ठ बाहेकका अन्य प्रतिवादीहरू चक्रबहादुर तामाङ, सागर लामा, दिक्पाल तामाङ र माइलो भन्ने गजेन्द्र तामाङ वारदातको समयमा वारदातस्थलमा उपस्थित रहेका थिए भन्ने मात्र आधार र निजहरू कसुरमा संलग्न रहेको भनी निजहरूउपर गडाउ गर्ने कुनै पनि सबुद प्रमाण गुज्रन नआएको भन्ने आधारमा निजहरूलाई सफाइ दिने गरेको सुरू दोलखा जिल्ला अदालतको इन्साफ सदर गरेको पुनरावेदन अदालत, पाटनको उल्लिखित मिति २०६६।३।१८।५ को फैसला मनासिब नै देखिँदा सदर हुन्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७० साल चैत २४ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CR-०४८१, जबर्जस्ती चोरी, *नेपाल सरकार वि. महादेव परियारसमेत*

बरामदी मुचुल्काबाट चोरी भएको भनेका दुई थान ताउला मात्र बरामद हुन सकेको अवस्था देखिन्छ । जाहेरवालाले खुकुरीसमेत देखाई बल प्रयोग गरी रू. ८९,७००।- बराबरको धनमाल जबर्जस्तीसँग चोरी गरिएको भनी जाहेरीमा उल्लेख गरी अदालतमा समेत बकपत्र गरे पनि निजले चोरी भएको र बरामद भएको दुई थान ताउला मात्र सनाखत गरेको अवस्था देखिन्छ । मौकामा कागज गर्ने नन्दबहादुर घलेसमेतले जाहेरवालाले चोरी भएको भनेर भनेकोले थाहा पाएको भनी मौकामा कागज लेखाई अदालतमा समेत बकपत्र गरेको अवस्था देखिन्छ । चोरी गर्ने क्रममा हात हालाहाल भएको भन्नेमा जाहेरवालाले समेत भन्न सकेको छैन । बरामद भएका सामानबाहेक अन्य जाहेरीअनुसारका धनमाल पनि जबर्जस्तीसँग चोरी भएको हो भनी जाहेरीबाहेकको अन्य कुनै पनि स्वतन्त्र प्रमाणले पुष्टि गर्न सकेको अवस्था नदेखिँदा जबर्जस्ती चोरीको कसुर अपराध गरेको ठहर्‍याई लमजुङ जिल्ला अदालतले गरेको फैसला केही उल्टी गरी २ वटा ताउलाको बिगो रू. ३०५०।- बराबरको सामान मात्र चोरिएको देखिँदा चोरीको १२ नं. बमोजिम सबै प्रतिवादीहरूलाई जनही एक महिना कैद र बिगोबमोजिम जरीवाना हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पोखराको मिति २०६६।११।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७० साल फागुन ४ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-०६४५, १०११, ११३४, ०६९-RC-००४८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रजापति सन्ज्यालसमेत, कम्मरबहादुर शाही वि. नेपाल सरकार, नेपाल सरकार वि. हंशे सुनार*

जाहेरी दरखास्त, मौकामा बुझिएका मानिसहरूको भनाइसमेतबाट प्रतिवादी कम्मरबहादुर शाहीले मृतकलाई रूपैयाँ तिर्नुपर्ने

भई मृतक र प्रतिवादी कम्मरबहादुर शाहीबीच रूपैयाँ माग्ने विषयमा भनाभन झगडा भई चित्रबहादुर शाहीलाई मार्नेसम्मको रिसइबि रहेको र वारदातको दिन मृतकसँग केही रूपैयाँ पनि रहेको भन्ने प्रतिवादी कम्मरबहादुरलाई सो दिन दिउँसैदेखि थाहा भएको । मृतक र प्रतिवादी कम्मरबहादुर शाही एक बाटो र अन्य प्रतिवादीहरू अर्को बाटो गएको भन्ने कुरामा विवाद नदेखिएको अवस्था देखिन्छ । प्रतिवादी कम्मरबहादुर शाहीले उक्त दिन राति १० बजे मृतकसँग छुट्टिएको समयमा मृतकसँग साथमा कोही मानिस नभएको नरहेको भनी यी प्रतिवादी कम्मरबहादुर शाहीको बयानबाट देखिएको अवस्था, यी प्रतिवादीसँग छुट्टिएको ठाउँमा मृतकको लास भेटिएको अवस्था, मिति २०६६।८।५ गतेका दिन दिउँसो यी प्रतिवादीसँग पैसा नहुनु र मृतकले नै रक्सीको पैसा तिरेको अवस्था, राति यी प्रतिवादी एक्लै पसलमा आई को कस्तो कति रक्सी खान्छौ खाओ भनी पैसाको धाक लगाएको अवस्था देखिनुका साथै प्रतिवादी कम्मरबहादुरले मृतक चित्रबहादुरको के कसरी मृत्यु भएको भनी नखुलाए पनि अन्य प्रतिवादीहरू प्रजापति सन्ज्याल र हंशे सुनारले आफ्नो बयानमा आफू कसुरमा इन्कार रही मृतकसँग रहेको पैसा लुट्ने हिसाबले प्रतिवादी कम्मरबहादुर शाहीले नै मृतकलाई मारेको हुनुपर्छ भनी अदालतसमक्ष बयान गरेबाटसमेत प्रतिवादी कम्मरबहादुर शाहीको कर्तव्यबाट मृतक चित्रबहादुरको मृत्यु भएको भन्ने कुराको पुष्टि हुँदा निजलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय गर्ने गरेको हदसम्म पुनरावेदन अदालत, जुम्लाको मिति २०६८।५।२६ को फैसला मिलेकै देखिने ।

जाहेरवालीले प्रतिवादी कम्मरबहादुरले मारेको हो अन्य प्रतिवादीको संलग्नता थियो थिएन, निज प्र. कम्मरबहादुरलाई थाहा होला भनी बकपत्र गरेकोमा प्रतिवादी कम्मरबहादुर शाहीले मृतकलाई मार्नमा यी प्रतिवादीहरूको कुनै संलग्नता रहेको भनी बयानमा लेखाएको पाइँदैन । यी प्रतिवादीहरू घर जाने क्रममा बेग्लै बाटो गएको, दोस्रो पटकको रक्सी खाने क्रममा यिनीहरूको उपस्थिति नरहेको तथ्य र आफूबाट कसुर नभएको भनी इन्कारी बयान गरेको अवस्था, यी प्रतिवादीको सुरूमा रक्सी खाँदाबाहेक पछिल्लो अवस्थामा कहीं कतै संलग्नता भएको भनी मिसिल कागजातबाट नदेखिएको अवस्थामा कुनै स्वतन्त्र ठोस प्रमाणबाट यी प्रतिवादीहरूउपरको अभियोग दावी पुष्टि हुन नसकेको अवस्थासमेतका आधार कारणबाट यी प्रतिवादीहरू पनि कसुरदार हुन् भनी पुष्टि भएको नदेखिँदा पुनरावेदन अदालत, जुम्लाबाट मिति २०६८।५।२६ मा भएको फैसला केही उल्टी भै सुरू कालिकोट जिल्ला अदालतको फैसलाअनुसार प्रतिवादी कम्मरबहादुर शाहीलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र अन्य प्रतिवादी प्रजापति सन्ज्याल र प्रतिवादी हंशे सुनारलाई सफाइ दिने ठहर्‍याई गरेको फैसला मिलेकै देखिँदा सो सदर हुन्छ । पुनरावेदन अदालत, जुम्लाको फैसला सो हदसम्म उल्टी हुने ।

इजलास अधिकृतः टेकराज जोशी

इति संवत् २०७० साल चैत १० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०८६९, लेनदेन, *पूर्णरत्न शाक्य वि. अशोक श्रेष्ठसमेत*

विवादको लिखत वादीले भोग नगरेको भन्ने कुरामा विवाद नभएको अवस्था, भोग गर्ने उद्देश्यले लिखत तयार भएको र लिखत तयार गर्दा लिखतको मूल व्यहोरामा कुनै व्यहोराले कच्चा ठहरेमा परेको साँवा ब्याज मेरो घर जग्गाबाट ऐनबमोजिम असुलउपर गरी लिनुहोला भनी कागज भएको देखिन्छ । यसरी वादीले लिखतबमोजिम घर जग्गा भोग नगरेपछि सो भोगबन्धकीको लिखत कानूनले नै स्वतः कपालीमा परिणत हुने व्यवस्था गरेकोबाट वादीले तमसुकमा उल्लिखित रकमको साँवा ब्याज भरिपाउने नै देखिँदा कानूनबमोजिमको ब्याजसमेत भरिपाउने ठहर्छ भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।१२।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल चैत ११ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-१६८७, निषेधाज्ञा, *सुशीला पण्डितसमेत वि. अपार पण्डित*

प्रस्तुत पुनरावेदन यस अदालतमा मिति २०६८।३।३१ मा परिसकेपश्चात् दुबै पक्षबीच पुनरावेदन अदालत, पाटनमा चलेको अंश मुद्दा मिति २०६८।१०।२ मा मिलापत्र भैसकेको मिलापत्रअनुसार कार्यान्वयनसमेत भैसकेको वर्तमान परिस्थितिमा प्रस्तुत निषेधाज्ञा मुद्दाको औचित्य तथा प्रयोजनसमेत समाप्त भइसकेको अवस्था देखिने ।

वर्तमान अवस्थामा निषेधाज्ञाको प्रयोजन समाप्त भए तापनि तत्कालीन अवस्थामा निवेदिकासमेतले अंश पाउने ठहरी काठमाडौं जिल्ला अदालतबाट फैसला भएको, निवेदिका सो घरमा बसिरहेको कुरा सो मुद्दाबाट समेत देखिएको छ । अंश मुद्दा पुनरावेदनमा विचाराधीन रहेको अवस्थामा सो मुद्दाको किनारा नभएसम्मको लागि निवेदिका बसी आएको घरमा निजको अंश भाग जतिमा बस्न र सो घरमा आवतजावत गर्न रोक नलगाउनु भनी तत्कालीन अवस्थालाई विचार गरी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने गरी गरेको पुनरावेदन अदालतको आदेशलाई अन्यथा भन्न मिलेन । तसर्थ पुनरावेदन अदालत, पाटनको मिति २०६७।११।११ को निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई गरेको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल चैत ११ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CI-०२३४, निषेधाज्ञा/परमादेश, *पवित्रा थापा वि. राजाराम यादवसमेत*

शिक्षा नियमावलीबमोजिम निवेदिकाले गरेको दावी नियमावलीले तीनजनासम्म दरबन्दी भएको प्राथमिक विद्यालयमा शिक्षक नियुक्ति गर्दा एकजना महिला नियुक्ति गर्नुपर्ने भन्ने व्यवस्था हो

भने दुई जनामात्र शिक्षकको पदपूर्तिको अवस्थामा एकजना महिला हुनुपर्ने भन्ने तथ्य र तर्कमा आधारित छैन । शिक्षा नियमावली, २०५९ संशोधनसहितको व्यवस्थामा प्राथमिक विद्यालयमा तीनजनासम्म दरबन्दी भएको अवस्थामा एकजना महिला शिक्षिकाको पद रहने हो, व्यवस्थामा दुईजनामात्र शिक्षक दरबन्दी रिक्त रहेको अवस्थामा विज्ञापन गरी पदपूर्ति गर्दा अनिवार्यरूपमा एकजना महिला हुनुपर्ने भन्ने नियमको विषयको व्यवस्था नहुँदा विज्ञापन गरिएको शिक्षक पदमा निवेदिकाले नियुक्ति पाउनुपर्ने भन्ने नदेखिँदा निवेदन मागबमोजिम निषेधाज्ञामिश्रित परमादेशको आदेश जारी हुन नसक्ने ठहर्‍याई निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।१२।१३।१ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः खेमकुमारी बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७१ साल असार ९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CI-१३०६, निषेधाज्ञा, *बाबानानी बैद्यसमेत वि. सावित्री दाहाल*

विवादित विषय निरूपण गर्न मुद्दासमेत दायर गरी वैकल्पिक कानूनी उपचारको मार्ग अवलम्बन गरिसकेको देखिन आई आशङ्काको अवस्था विद्यमानता रहेको नहुँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन । तसर्थ, निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ठहर्‍याई निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।०७।०२।४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः खेमकुमारी बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७१ साल असार ९ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०६६२, परमादेश, *रामछविला यादव वि. जिल्ला प्रहरी कार्यालय, महोत्तरी जलेश्वरसमेत*

जिल्ला कार्यालय, महोत्तरीको लिखित जवाफसाथ पेश भएको इलाका प्रहरी कार्यालय, रामगोपालपुरको क्रमसङ्ख्या १२१ को प्रहरी सञ्चार व्यहोराबाट मिति २०६८।७।१७ गतेका दिन निवेदक रामछविला यादव ससुराली गएको अवस्थामा निजसँग साँध सीमाना, इनार र जग्गा सम्बन्धमा वादविवादसम्म भएको, अपहरण तथा लुटपाट जस्ता कार्य नभएको भन्ने गणेश यादवसमेतका मानिसहरूको भनाईलाई उद्धृत गर्दै प्रतिवेदन पेश भएको देखिन्छ । सो प्रतिवेदनलाई पुष्टि गर्ने सर्जमीन मुचुल्कासमेत मिसिल संलग्न देखिन्छ । सो मिसिल संलग्न पत्राचारसमेतबाट जाँचबुझ एवम् प्रमाण सङ्कलनप्रति विपक्षी उदासीन रही कानूनी कर्तव्यपालन नगरेको स्थिति देखिएन । सो विषयलाई निवेदकले धनमाल लुटपाट र शरीर बन्धकको अभियोग लगाई जाहेरी दरखास्त दर्ता गरिपाउन निवेदन गरेको अवस्थामा घटित भएको वारदातविपरीतको तथ्य देखिएको

स्थितिमा फरक व्यहोराको जाहेरी दर्ता गर्नैपर्ने सोमा उल्लिखित व्यक्तिहरूलाई कारवाही गर्नैपर्ने भन्न मिल्ने अवस्था देखिएन । निवेदकले जिल्ला प्रशासन कार्यालयमार्फत् पेश गरेको निवेदनसमेत सो कार्यालयले अनुसन्धान गर्ने आधिकारिक निकायमा समयमै पठाएको अवस्थासमेत देखिएको हुँदा विपक्षीहरूले आफूले पालन गर्नुपर्ने कानूनी कर्तव्य पालन नगरेको भन्न मिलेन । कानूनी कर्तव्य पालन गर्न इन्कार गरेको देखिएमा मात्र सार्वजनिक निकायका नाउँमा परमादेश जारी हुने हो । अधिकारप्राप्त अधिकारीले सबुद प्रमाण गरी घटनास्थलमा पुगी यथार्थ बुझेको प्रतिवेदन लिई कारवाही गरेको अवस्थामा हस्तक्षेप गर्दै निवेदकको मागबमोजिम गर्न परमादेश जारी गर्नु नपर्ने ।

जग्गा जमिनसम्बन्धी विवादमा अपहरण मुद्दाको जाहेरी दर्ता गरी अनुसन्धान गर्न नमिल्ने जिल्ला प्रहरी कार्यालय, महोत्तरीको भनाईसमेतको आधारमा रिट निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।१।५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०३९६, नाता कायम, *ज्ञानमाया त्वायना वि. बिलबहादुर दुवाल*

स्वयम् पिता ज्ञानबहादुर जीवित रहेकै अवस्थामा उसैको सनाखतसमेतबाट बिलबहादुरलाई छोरा भनी नागरिकताको अस्थायी निस्सा बनी अन्ततः नागरिकता प्राप्त गरेको र उक्त नागरिकता प्रमाणपत्र विरूद्ध नालिस हालसम्म पनि पर्न नसकी साबुत रहेको अवस्थामा त्यो नागरिकता प्रमाणपत्र नाता कायमको सम्बन्ध प्रत्यक्ष सीधा सोझो सम्बन्ध राख्ने प्रमाण हो भनी मान्नुपर्ने हुँदा उक्त नागरिकता बदर नभएसम्म त्यस्तो देखाएको नातालाई नकार्न मिल्ने हुँदैन । यस मुद्दामा प्रमाणको रूपमा नागरिकताको प्रमाणपत्र आएकोले प्रमाणमा आएको लिखतलाई प्रमाणमा लिने वा नलिनेसम्म भन्न सकिने कुरा हो । त्यसलाई बदर वा निस्क्रिय गर्न मिल्ने हुँदैन । नागरिकता विरूद्ध नालिस नपरेको र बदर पनि हुने अवस्था नरहेको यस स्थितिमा त्यसमा देखिएको नाता विषयमा अन्यथा हुने गरी अन्य मुद्दाबाट प्रतिकूल प्रभावित हुन पनि नसक्ने ।

पिता ज्ञानबहादुरले २०४२ सालमा नै नागरिकताको प्रमाणपत्रमा सनाखत गरी बाबुको महलमा आफ्नो नाम लेखाइसकेपछि माता पिताको मृत्यु भएपछि २०६५ सालमा आई छोरीले बाबुको हक खाने छोरी म मात्रै हुँ भनी लिएको जिकीर तर्कसङ्गत् र पत्यारलायक नदेखिँदा ज्ञानमाया त्वायना मात्र ज्ञानबहादुरको हक खाने एकमात्र छोरी हुन् । विपक्षी वादी ज्ञानबहादुरको माहिली श्रीमती लाथकुको अघिल्लो लोग्नेपट्टिका सन्तान र ज्ञानबहादुरका झङ्केला छोरा कायम गरी पाउँ भनी पुनरावेदक प्रतिवादीका कानून व्यवसायी वरिष्ठ अधिवक्ताले उठाउनु भएको तर्कसँग यो इजलास सहमत हुन नसक्दा सुरू भक्तपुर जिल्ला अदालतको फैसला उल्टी गरी ज्ञानबहादुर र बिलबहादुरको बीचमा बाबु र छोराको नाता

कायम हुने ठहर गरेको मिति २०६८।१।१५ को पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WO-००८०, उत्प्रेषण, *बर्दिया जिल्ला, गुलरिया नगरपालिका वडा नं. ६ स्थित बालमन्दिर प्रा.वि.को विद्यालय व्यवस्थापन समितिको तर्फबाट अख्तियारप्राप्त गोविन्दप्रसाद पौडेल वि. जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा कार्यालय, गुलरिया बर्दियासमेत*

सार्वजनिक सरोकारको प्रश्नमा बाहेक आफ्नो कानूनी वा संवैधानिक हकमा आघात हुने कुरामा जसको हकको प्रश्न उठेको हो ऊ आफ्नो रिट निवेदन आफैं वा कानूनबमोजिमको प्रतिनिधिमार्फत् लिई आउनुपर्ने हुन्छ । गोविन्दप्रसाद पौडेल आफ्नो हकमा आएकोमा सोतर्फ निर्णय भइसकेको अवस्थामा र विद्यालय व्यवस्थापन समितिको आफ्नो हकको प्रचलनको लागि प्रस्तुत निवेदन आएको नदेखिई त्यसको सोझो अनुकूलता शिक्षक गोविन्दप्रसाद पौडेललाई अर्थात् अरूलाई हुने गरी आएको र गोविन्दप्रसाद पौडेलको आफ्नो हकमा प्रस्तुत रिट निवेदन लिई आएको नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल जेठ २५ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७०-WO-००६९, उत्प्रेषण, *बर्दिया जिल्ला गुलरिया नगरपालिका वडा नं. ६ स्थित बालमन्दिर प्रा.वि.को विद्यालय व्यवस्थापन समितिको तर्फबाट अख्तियारप्राप्त गोविन्दप्रसाद पौडेल वि. जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा कार्यालय, गुलरिया बर्दियासमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६६-CI-०२४९, फैसला बदर, *तिलबहादुर खड्का वि. मदनगोपाल श्रेष्ठसमेत*

वादीका दाता धनबहादुर खत्रीले मिति २०४५।२।१ मा घरसारमा गरिदिएको लिखतबमोजिमको कारवाहीका लागि रामशरण बोहराले पशुपति भण्डार तहबिल गुठीबाट नामसारीका लागि दिएको निवेदनको कारवाहीका क्रममा काठमाडौं महानगरपालिका वडा नं.१६ बाट सर्जमीन हुँदा निज धनबहादुर खत्री साक्षी बसेको तथ्य प्रमाण मिसिल संलग्न सर्जमीन व्यहोराबाट देखिएको र पशुपति भण्डार तहबिल गुठीबाट निजका नाममा जारी भएको म्याद निज आफैंले बुझी लिई कुनै प्रतिवाद नगरी बसेको समेतको आधारबाट पुनरावेदक वादीकै दाताको आचरणबाट समेत विवादको जग्गा श्री पशुपति भण्डार गुठीको भनी मानेको देखिँदा पुनरावेदक वादीले प्रतिवादी बनाउनुपर्ने व्यक्तिहरूलाई प्रतिवादी नबनाएको र विवादित जग्गा गुठी संस्थानअन्तर्गतको पशुपति बाँदर गुठी नदेखिई पशुपति भण्डार तहबिल गुठीको देखिएको आधार र कारणसमेतबाट काठमाडौं जिल्ला अदालतको मिति २०६१।११।१२ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति

२०६३।१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल असार २ गते रोज २ शुभम् ।

- ०६६-CI-०२४७, फैसला बदर, *कर्णबहादुर खड्का वि. मदनगोपाल श्रेष्ठसमेत*
- ०६६-CI-०२४८, लिखत दर्ता बदर, *तिलबहादुर खड्का वि. बट्टाई बोहरा क्षेत्रीसमेत*
- ०६६-CI-०२५०, फैसला बदर, *मनचन्द्र श्रेष्ठ वि. मदनगोपाल श्रेष्ठसमेत*
- ०६६-CI-०२५१, लिखत दर्ता बदर, *मनचन्द्र श्रेष्ठ वि. बट्टाई बोहोरा क्षेत्रीसमेत*
- ०६६-CI-०२५२, लिखत दर्ता बदर, *कर्णबहादुर खड्का वि. बट्टाई बोहरा क्षेत्रीसमेत*

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०६२४, कर्तव्य ज्यान, *कृष्णबहादुर घिसिङ तामाङ वि. नेपाल सरकार*

प्रतिवादीको ज्यान मार्ने मनसाय इबिलाग नभएको जिकीर लिए पनि भवितव्यको वारदात हुन ज्यान मार्ने इबिलाग वा मनसाय नहुनुको अतिरिक्त आफूले गरेको कामबाट मर्ला जस्तो नदेखिने पनि हुनुपर्ने हुन्छ । तर यहाँ देखिएको वारदातमा झगडा हुँदा तर्साउनको लागि भरेको बन्दुक देखाउनु र बन्दुक खोसाखोस गर्नुबाट बन्दुक पड्कन सक्ने र ज्यान जानसक्ने सहज अनुमान गर्न सकिन्छ । पुनरावेदक प्रतिवादीले भरेको बन्दुक देखाई खोसाखोस गर्दा ज्यान मर्ला जस्तो अवस्था देखिँदैन भन्न नमिल्ने हुँदा प्रस्तुत वारदात पुनरावेदन जिकीरअनुरूपको भवितव्यको वारदात देखिन आएन । तसर्थ मोरङ जिल्ला अदालतबाट प्रतिवादी कृष्णबहादुर घिसिङ तामाङलाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको मोरङ जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिने ।

प्रतिवादीले झगडा हुँदा स्थिति सम्हाल्नेतर्फ लाग्नुपर्नेमा भरेको बन्दुक लिई आएको देखिन्छ । तत्कालको अवस्था सम्हाल्न नसकी रिसको झोकमा लाठा ढुङ्गाको प्रयोग भएको भए ज्यानसम्बन्धीको महलको १४ नं. को स्थिति हुने थियो र सजाय कैद १० वर्ष हुनसक्ने थियो । तर, यहाँ बन्दुक जस्तो जोखिमी हतियारको प्रयोग भएकोबाट ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुनसक्ने भएन र प्रतिवादीले सोझै प्रहार गरेको नभई बन्दुक खोसाखोस गर्दा मृतकको ज्यान गएको यो परिस्थितिजन्य घटनाक्रमबाट कसुरको गाम्भीर्यतासमेतलाई दृष्टिगत गर्दा निज पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १० मात्र हुने गरी पेश गरेको राय मनासिब नै देखिने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल असार २५ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-१४८५, छुट जग्गा दर्ता, *मालपोत कार्यालय, कास्की, पोखरा वि. चित्रबहादुर कामी*

विवादित जग्गाको स्रोत के हो ? गुठी भए कुन र कस्तो प्रकारको गुठी हो ? जग्गा सार्वजिनक, वन बुटेन, पानी घाट, गौचरण हो वा दर्ता गर्न मिल्ने रैकर के हो ? भन्ने विषय प्रमाणको विश्लेषणबाट छुट्टिन आएको हुन्छ । प्रमाणको मूल्याङ्कन, तेरो मेरोको प्रश्न र जग्गा नाप जाँच ऐन, २०१९ तथा मालपोत ऐन, २०३४ को कानूनी व्यवस्थाले यस प्रकारको विवादमा कानूनमा उल्लेख भएका कार्यविधि र निर्णय गर्दा आधार र कारणसमेत उल्लेख गर्नुपर्नेमा सो गरेको नपाइएको अवस्थामा मालपोत कार्यालय, कास्कीमा उल्लिखित व्यवस्थाहरूको समेत विचार गरी प्रमाणको विवेचना गर्न पठाएको पुनरावेदन अदालत, पोखराको मिति २०६७।१२।८ को फैसला नियम कानूनसम्मत् देखिन आएको हुँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असार २७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-१५९६, क्षतिपूर्ति ठहर गरी भराईपाऊँ, *मेराज ट्रेडर्स, राजविराजको प्रो. मो. फैयाज अन्सारी वि. राष्ट्रिय वाणिज्य बैंङ्क, राजविराज शाखासमेत*

नियमितरूपमा कानूनबमोजिमको प्रक्रियामा गई चलेको मुद्दामा कुनै पक्षले सफाइ पाएकै आधारमा त्यस्तो सफाइ पाउने व्यक्तिलाई क्षतिपूर्ति दिनुपर्ने स्पष्ट कानूनी व्यवस्था नरहेको तथा उजुरीकर्ता बैङ्कबाट वादीलाई क्षती पुगेको अवस्था नदेखिएको समेतका आदेश हुँदा वादीले क्षतिपूर्ति नपाउने गरी पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०६७।११।२५ को फैसला मिलेकै देखिएको हुँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम् ।

## इजलास नं.८

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६७-WO-०८१९, उत्प्रेषण, *रामएकवाल साह तेलीसमेत वि. मालपोत कार्यालय, सर्लाही मलङ्गवासमेत*

निश्चतरूपमा सार्वजनिक जग्गा कुनै पनि हालतमा व्यक्ति विशेषले आफ्ना नाममा दर्ता गराई निजी कायम गर्न सक्तैन । मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम त्यस्तो दर्ता स्वतः बदर हुने देखिन्छ । तर यिनै विपक्षी मालपोत कार्यालयले विवादित जग्गा व्यक्ति विशेषका नाममा दर्ता गरी जग्गाधनी प्रमाणपुर्जासमेत उपलब्ध गराएको र त्यसपछि निवेदकलाई कानूनको रीत पुर्‍याई हक हस्तान्तरण भएको अवस्थामा सम्बन्धित व्यक्तिलाई विवादित जग्गा सार्वजनिक होइन निजी हो भन्नेतर्फ निजलाई

आफ्नो कुरा राख्ने र सोको पुष्ट्याइँका लागि सबुद प्रमाण पेश गर्ने अवसरबाट वञ्चित गरी मालपोत कार्यालयले एकतर्फी आधार प्रमाण ग्रहण गरी निष्कर्षमा पुग्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने ।

विवादित जग्गा नापजाँच हुँदा ऐलानी जनिएको यस्तो जग्गाको निजी दर्ता कायम नै रहन नसक्ने हुँदा निवेदकलाई बुझ्नुको कुनै अर्थ छैन भनी विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकीरसँग सहमत हुन सकिएन ।अतः मालपोत कार्यालय, सर्लाहीको मिति ०६७।८।७ को निर्णयमा प्राकृतिक न्याय सिद्धान्तको प्रत्यक्ष त्रुटि हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर भै विवादित जग्गा सार्वजनिक वा निजी के हो तत्सम्बन्धमा निवेदकसमेतलाई बुझी निर्णय गर्नका लागि मालपोत कार्यालय, सर्लाहीका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CI-०३३३, परमादेश, *मोहनबहादुर आलेमगर वि. मालपोत कार्यालय, सर्लाही मलङ्गवासमेत*

मुलुकी ऐन, कागज जाँचको महलको १७ नं. बमोजिम आफूलाई सरोकार परेको कागजको नक्कल निवेदकले पाउन सक्ने नै देखियो । यस अवस्थामा निवेदकले विपक्षी कार्यालयसमक्ष रीतपूर्वक निवेदन दिँदै नक्कल माग गर्नुपर्नेमा निवेदकले विपक्षी कार्यालयसमक्ष यस प्रकारको निवेदन दिएको वा त्यसरी दिएको निवेदन उक्त कार्यालयबाट दरपीठ भएको कुनै प्रमाण निवेदनसाथ पेश गर्न सकेको देखिँदैन । उक्त प्रक्रिया सम्पन्न गरेपछि पनि निवेदकले सरोकार परेको कागजहरूको नक्कल प्राप्त गर्न नसकेको अवस्थामा मात्र यस अदालतसमेतबाट आवश्यक उपचार पाउन सक्ने हुन्छ । सो चरणमा प्रवेश नै नगरी निवेदकले सोझै परमादेशको उपचार खोजेको कानूनसङ्गत नरहेकोले निवेदकको निवेदलाई खारेज गरेको हदसम्मको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।११।३ को आदेशलाई अन्यथा गरिरहन परेन । उक्त आदेश बदर हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६७-WO-०४०३, उत्प्रेषण/परमादेश, *डम्बरबहादुर थापा वि. मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोक*

सुरू जिल्ला अदालतमा फिराद पर्ने र त्यहाँबाट उपचार पाउने कुरा एउटा पद्धतिकै रूपमा स्थापित भइसकेको देखिन्छ । रिट क्षेत्रले अन्य निकाय वा अधिकारीको अधिकारक्षेत्रको विस्थापन गर्दैन र गर्न पनि हुँदैन । नेपालको न्याय प्रणालीमा स्पष्टता, सरलता र सुनिश्चतता कायम गर्ने अहम् जिम्मेवारी रहेको यस अदालतले साधारण वा असाधारण उपचार क्षेत्रबारे एउटा स्पष्ट मार्गदर्शन दिई आएको संवैधानिक र कानूनी परम्परालाई नजरअन्दाज गरी रिट क्षेत्रको प्रयोग गर्दा न्यायिक कामकारवाहीमा अन्योल भ्रम र अनिश्चतता जन्मिन सक्छ जुन कुरा मुलुकको

न्यायिक विकासका लागि हितकारी हुन सक्तैन । यस्ता कुरामा यो अदालत सहभागी हुन नसक्ने भै सबुद प्रमाणद्वारा निरूपण हुने प्रस्तुत विषयमा वैकल्पिक उपचार रहेको हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६७-WO-०४३४, उत्प्रेषण/परमादेश, *मु.स. गर्ने बालकृष्ण थापा वि. मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोक*
- ०६७-WO-०४३५, उत्प्रेषण/परमादेश, *माधव थापा वि. मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोक*
- ०६७-WO-०४३६, उत्प्रेषण/परमादेश, *पवन थापा वि. मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोक*
- ०६७-WO-०४३७, उत्प्रेषण/परमादेश, *चन्द्रबहादुर थापा वि. मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोक*
- ०६७-WO-०४३८, उत्प्रेषण/परमादेश, *दिल्लीबहादुर थापा वि. मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोक*
- ०६७-WO-०४३९, उत्प्रेषण/परमादेश, *शारदा थापा वि. मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोक*
- ०६७-WO-०४४०, उत्प्रेषण/परमादेश, *भुवन थापा वि. मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोक*

## इजलास नं.९

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-WO-०२३५, उत्प्रेषण, *राम आश्रे सहनीसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत*

निवेदकहरूले ठेक्कामा लिएको वाग्मती नदीको खैर्वा र धुर्वा डुङ्गा घाटको ठेक्काको अवधि २०७० साल असार मसान्तसम्ममा समाप्त भैसकेको र आ.व. २०७०/०७१ देखि ०७२/०७३ सालको ३ तीन वर्षको लागि परीछन सहनीलाई वाग्मती नदीको खैर्वा डुङ्गाघाट सञ्चालनको ठेक्का दिइसकेको कुरा बहसका क्रममा विद्वान् कानून व्यवसायीज्यूबाट पेश भएको जिल्ला विकास समितिको कार्यालय, रौतहट गौरको मिति २०७०।३।०९ को पत्रबाट देखियो । यसरी जुन प्रयोजनको लागि रिट निवेदन दायर भएको हो सो प्रयोजन र औचित्यसमेत समाप्त भैसकेकोले रिट निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सूर्यप्रसाद रेग्मी

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७१ साल साउन २० गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६८-WO-०२९१, उत्प्रेषण, *विनोद सहनी वि. जिल्ला विकास समितिको कार्यालय, रौतहट गौरसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६७-CI-१५७५, हक कायम, *ओमकार मल्ल अग्रवाल वि. गोपालबहादुर हाडासमेत*

डाक लिलाम सकार गरी रकमसमेत बुझाइसकेपछि पनि उक्त जग्गाहरू आफ्नो नाममा हक हस्तान्तरण नभएपछि वादी ओमकार मल्ल अग्रवालले नेपाल बैङ्क लिमिटेड, लाहान शाखामा मिति २०५९।३।४ मा दिएको निवेदन मागअनुसार नेपाल बैङ्क लिमिटेड, प्रधान कार्यालयको निर्देशनबमोजिम वादी ओमकार मल्ल अग्रवालले सकार गरेको रकममध्ये अधिकांश रकम फिर्ता लगिसकेको देखिन्छ । बाँकी रहेको १० प्रतिशत धरौटी रकम फिर्ता लिन आउन वादी ओमकार मल्ल अग्रवाललाई विपक्षी बैङ्कले पत्राचार गरेको मिसिल संलग्न नेपाल बैङ्क लिमिटेड, लाहान शाखाको च.नं. ३६/६८/१२४० मिति २०६२।३।१६ को पत्रबाट देखिन्छ । पुनरावेदक वादीले फिर्ता लिन बाँकी रहेको रकम बैङ्कमा फिर्ता लिन आएको बखत फिर्ता दिन बैङ्क तयार रहेको मिसिल संलग्न विपक्षी नेपाल बैङ्क लिमिटेड, लाहान शाखाको पत्रसमेतबाट यी पुनरावेदक वादी नै बाँकी धरौटी रकम फिर्ता लिन नगएको कारण उक्त धरौटी रकम बैङ्कमा बाँकी रहन गएको देखिने ।

पुनरावेदक वादीले लिलाम सकार गरेको अधिकांश रकम फिर्ता लगिसकेको र बाँकी धरौटी रहेको रकम फिर्ता लिन पत्राचार गरेको मिसिल संलग्न विपक्षी बैङ्कको पत्रबाट देखिएको अवस्थामा डाक लिलाम बदर नभएको र दश प्रतिशत रकम बैङ्कमा नै धरौटीमा रहेको कारण गोपालबहादुर हाडाको नाम दर्ताको कि.नं. ३४ र ३५ को घरजग्गा पुनरावेदक वादी ओमकार मल्ल अग्रवालको नाममा हक हस्तान्तरण गरी दर्तासमेत हुनुपर्दछ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

वादी ओमकार मल्ल अग्रवालले विपक्षी बैङ्कबाट भएको डाक लिलाम स्वीकार गरेपश्चात् दोहोरो रोक्का रहेको कारण सो लिलामीको कार्यान्वयन प्रक्रियामा जटिलता देखी वादी स्वयम्ले नै एक पटक भएको लिलामलाई अस्वीकार गरी आफूले धरौटी राखेको अधिकांश रकमसमेत वादी आफैंले निवेदन दिई फिर्ता लगिसकेको धरौटीमा रहेको बाँकी रकम फिर्ता लिन नगएका कारण बैङ्कमा बाँकी रहेको र फिर्ता लिन गएका बखत बाँकी रकम यी पुनरावेदकले फिर्ता पाउने मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भैरहेको देखिँदा सुरू सिरहा जिल्ला अदालतबाट वादीको हक कायम भई वादीको नाउँमा दर्तासमेत हुने ठहर्‍याई मिति २०६६।२।१२ मा भएको फैसला उल्टी गरी वादी दावी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०७१ साल असार १९ गते रोज ५ शुभम् ।

## इजलास नं.१०

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६६-CI-०८७०, निषेधाज्ञा, *रोमनाथ बरालसमेत वि. जमुनादेवी सिग्देल*

निवेदिका स्वयम्ले यस अदालतमा उपस्थित भई अदालती बन्दोवस्तको ९२ नं. बमोजिम मुद्दा फिर्ता गरिपाउँ भनी निवेदन दिई मिति २०७०।६।७।२ मा सनाखतसमेत गरिदिएको हुँदा अब रिट जारी भै रहनुको औचित्य देखिएन । रिट जारी गर्नुको औचित्य र प्रयोजन नहुँदा पुनरावेदन अदालत, पोखराबाट मिति २०६६।१०।१७।१ मा भएको आदेश उल्टी भै निवेदिकाको रिट निवेदन प्रयोजनहीन भै रिट खारेज हुने ।

इजलास अधिकृतः विनोद रखाल

इति संवत् २०७१ साल साउन २० गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६६-CR-०६१२, अदालतको अवहेलना, *रोमनाथ बरालसमेत वि. जमुनादेवी सिग्देल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०१३२, उत्प्रेषण, *भक्तबहादुर श्रेष्ठ वि. प्रभु विकास बैंङ्क लिमिटेड, प्रधान कार्यालय, लैनचौर काठमाडौंसमेत*

साधारण अधिकारक्षेत्रअन्तर्गत सुरू अदालतमा विचाराधीन रहेको मुद्दामा रिटबाट हस्तक्षेप हुँदा अधिकारक्षेत्रसम्बन्धी कानूनी तथा न्यायिक संरचनामा पनि खलल् पुग्न जाने देखिन्छ । निवेदकले सुरू अदालतबाट सक्षम, प्रभावकारी, कम खर्चिलो, सुविधाजनक र अधिकारक्षेत्रको हिसाबले समेत कानून र न्यायसम्मत् उपचार पाउने अवस्था रहँदारहँदै रिटमा आउनु सर्वथा अनुचित हुने ।

विवादित जग्गा विपक्षी बुद्धिकुमारीको नाउँमा दर्ता रहेकै अवस्थामा दर्तावाला जग्गाधनीले धितो राख्न मिल्ने हो होइन, निवेदक र विपक्षी बुद्धिकुमारीसमेतका व्यक्तिहरू सगोलमा छन् छैनन् निवेदकलाई धितो राखेको जानकारी मौकामा थियो थिएन तथा त्यसमा निवेदकको मञ्जुरी थियो थिएन उल्लिखित सम्पत्ति बन्डा लाग्ने हो होइन जस्ता कुराको निरूपण नगरी यस अदालतले निवेदकलाई उपचार दिनसक्ने अवस्था हुँदैन । त्यस्ता कुराको निरूपणका लागि सबुद प्रमाण बुझ्नुपर्ने र मूल्याङ्कन गर्नुपर्ने अवस्था रहन्छ जुन कुरा रिट क्षेत्रबाट गर्न सकिँदैन । निर्विवाद हकका लागि मात्र रिटक्षेत्र आकर्षित हुन्छ । तर, निवेदकले दायर गरेको धितो बदर मुद्दाबाट निवेदकको हक स्थापित हुन र दावी पुग्न बाँकी नै रहेको अवस्थामा विवादित जग्गामा निवेदकको हकलाई निर्विवाद सम्झी निवेदकलाई रिटक्षेत्रबाट संरक्षण दिनु मनासिब नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ १६ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०१४०, उत्प्रेषण/परमादेश, *रवि सिंह वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत*

करार ऐन, २०५६ को दफा ८६ को उपदफा (२) को खण्ड (क) मा करार उल्लङ्घनबापतको क्षतिपूर्ति नगद नै पर्याप्त हुने

भएमा भनी उल्लेख भएबमोजिम आफूउपर भएको अन्यायको क्षतिपूर्ति हुन नसक्ने र ऐेको उपदफा (ङ) मा करार उल्लङ्घन गर्ने पक्षले नै यथावत् परिपालना गराई पाउने दावी लिएकोमा यथावत्को परिपालनाको दावी लाग्ने छैन भनी उल्लेख भएबमोजिम आफूबाट करार उल्लङ्घन नभएको कुरालाई निवेदकले यस रिट प्रयोजनको लागि प्रथम दृष्टिमा सिद्ध गर्न सक्नुभएको देखिँदैन । करारको कुनै पनि पक्षले करार सम्झौताको आफूअनुकूल अर्थ लगाई करारको सम्बन्धमा अर्को पक्षसँग कुनै कुरा माग गर्न अथवा आफूले उचित सम्झेको काम कुरा गर्नसक्ने देखिन्छ । एक पक्षले माग गरेको कुरा अर्को पक्षले पूरा नगरेमा अन्ततोगत्वा सो विवादको समाधान करार ऐन, २०५६ अन्तर्गत नै गर्नुपर्ने हुँदा करार भङ्ग गर्नुपरेको र निर्णयकर्ता नियुक्ति गर्न नसकिने आधार उल्लेख गरी क्षति पुगेको रकमसमेत दाखिल गर्नु भनी विपक्षी निर्देशनालयले निवेदकलाई लेखेको पत्रबाट निवेदकको मौलिक हक त हनन् भएको छैन छैन, त्यतिबाटै यस रिट निवेदनको प्रयोजनको लागि निवेदकको करार उद्भुत हक वा कानूनी हक प्रचलन हुन नसक्ने गरी हनन् भएको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ १६ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०७१-WO-०१३९, उत्प्रेषण/परमादेश, *रवि सिंह वि. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RE-०२७६, लागु औषध, *नेपाल सरकार वि. सञ्जयकुमार महतोसमेत*

बरामद कोरेक्स १०० एम.एल.को १०० थानको परिमाण सानो भन्न नमिल्ने र दसी बरामद भएको मौकाको मुचुल्कासमेत हेर्दा मुलुकी ऐन, अदालती बन्दोवस्तको ११८(२) नं. बमोजिम थुनामा राख्नुपर्नेमा धरौट लिई तारिखमा छाड्ने गरी सर्लाही जिल्ला अदालतको मिति २०७०।६।१६ को आदेश बदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।९।२५ को आदेश मिलेको नदेखिएकोले बदर गरिदिएको छ । अब पछि निर्णय गर्दा ठहरेबमोजिम हुने गरी प्रतिवादीहरू सञ्जयकुमार महतो र मुन्ना पाठक भन्ने अवधेश पाठकलाई पुर्पक्ष निम्ति थुनामा राखी कारवाही किनारा गर्नू ।

इति संवत् २०७१ साल भदौ १३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RE-०२४६, जबर्जस्ती करणी, *नेपाल सरकार वि. नागेन्द्रप्रसाद भन्ने नागेन्द्रकुमार चौधरी*

पीडितले जबर्जस्ती तवरले निजको यौनाङ्गमा प्रतिवादीले लिङ्ग पसाएको भनी प्रहरी एवम् अदालतमा समेत भनेको देखिएको र प्रतिवादीले वारदातको दिन वीर अस्पतालमा भर्ना भएको भने पनि वीर अस्पतालले दिएको मिति २०७०।४।९ देखि भर्ना गरी मिति २०७०।४।१५ मा डिस्चार्ज भएको भन्ने

नदेखिएको भन्ने जवाफ आएकोसमेत पेश भएको देखिएकोले तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी नागेन्द्रप्रसाद भन्ने नागेन्द्रकुमार चौधरी कसुरदार हो भनी विश्वास गर्नुपर्ने कारण विद्यमान देखिएकोले ससरी जिल्ला अदालतको मिति २०७०।८।२७ को आदेश बदर गरी प्रतिवादीलाई साधारण तारिखमा छाड्ने गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।१०।२४ को आदेश मिलेको नदेखिएकोले बदर हुने ।

इति संवत् २०७१ साल भदौ १३ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RE-०१६७ र ००१९, कर्तव्य ज्यान, *रीतादेवी मण्डल वि.नेपाल सरकार, नेपाल सरकार वि. अनितकुमार यादव*

प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा इन्कार रहे पनि अनुसन्धानको सिलसिलामा प्रतिवादी रीतादेवी मण्डल आरोपित कसुरमा साबित भएकी र प्रतिवादी अनिलकुमार यादवलाई किटानी पोल गरेकी तथा प्रतिवादी अनितकुमार आरोपित कसुरको षड्यन्त्रमूलक योजनामा संलग्न रहेको भनी अनुसन्धानमा साबित रहेको तत्काल प्राप्त प्रमाणहरूबाट देखिँदा दुबै प्रतिवादीहरूलाई पुर्पक्षको निमित्त थुनामा राख्ने गरेको आदेश मिलेकै देखिएकोमा प्रतिवादी अनितकुमार यादवको हकमा पुर्पक्षको लागि अ.बं. ४७ नं. बमोजिम तारिखमा राख्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।६।३ मा भएको आदेश सो हदसम्म बेरीतको देखिँदा सोही हदसम्म उक्त आदेश बदर हुने ।

इति संवत् २०७१ साल भदौ ११ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-RE-००३३, उत्प्रेषण, *कुमार प्रधानाङ्ग वि. दिपकराजा गोर्खाली श्रेष्ठसमेत*

रिट निवेदक र विपक्षीहरूबीच लेनदेन मुद्दा चली बिगो भरिपाउने ठहरी फैसला भएको साथै यी विपक्षी र निजकी पत्नीसमेत बीच अंश मुद्दा चली सो मुद्दाको तायदातीमा निवेदकले लिएको ऋणका सम्बन्धमा पनि उल्लेख भएको भन्ने निवेदनसाथ पेश भएको फैसलाहरूको प्रतिलिपिबाट देखिन आएको छ । यस्तो अवस्थामा साहुको ऋण असुली र अंश मुद्दाको बन्डा मुचुल्काउपर यस अदालतमा प्रत्यर्थीको रिटसमेत विचाराधीन रहेको भन्ने कानून व्यवसायीको जिकीर रहेको साथै काठमाडौं जिल्ला अदालतको लेनदेन मुद्दाको मिति २०६८।२।१७ को फैसला र बिगो भरिभराउसम्बन्धी कारवाही पनि विचाराधीन रहेको देखिन नआएकोले सो दरपीठ आदेश बदर गरिदिएको छ । अब, निवेदकले दिन ल्याएको रिट निवेदन दर्ता गरी अरूमा कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल असोज ३ गते रोज ६ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति